# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १५८ | काठमाडौं | सोमबार, १२ असोज २०८३ | Prabhab National Daily | Monday, 28 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


पूर्वप्रधानन्यायाधीश चोलेन्द्र प्रकरण

## 'सुरक्षा थ्रेट'को रहस्यमय दाबी, विधिको शासनमाथि उठ्यो प्रश्न

“राज्यविरूद्धको काम गरे, चलखेल गरे, कुनै दबाब दिए, प्रभाव पारे प्रमाण जुटाएर मुद्दा चलाए भइहाल्यो तर सुरक्षाका कारण भन्दै मध्यराति उठाएर प्रहरी कार्यालय लानु कुनै किसिमले पनि उचित होइन ।

**हेमन्त मल्ल**
पूर्वडिआइजी, नेपाल प्रहरी



**जेबी योञ्जन**

**काठमाडौं–** पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालाई बिनाकसुर र बिनापुर्जी पक्राउ गरेको घटनाले वालेन्द्र सरकार आलोचित भएको छ । प्रहरीले पक्राउ नगरेको दाबी गरे पनि रातारात निवासबाट लिएर जानु आतंक मच्चाउने काम भएको टिप्पणी गरिएको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले 'सुरक्षा थ्रेट'का कारण उनलाई सुरक्षित राख्न कार्यालय ल्याइएको बताए । उनका अनुसार मध्यराति भौतिक आक्रमण हुन सक्ने सूचना आएपछि तत्काल सुरक्षा दिन कार्यालय ल्याइएको थियो । दिउँसो जबरालाई निवासमै लगेर छाडिएको थियो ।

तर सुरक्षा जोखिम थियो भने पूर्वप्रधानन्यायाधीशलाई घरमै थप सुरक्षा दिन सकिँदैनथ्यो ? किन राति साढे १२ बजे प्रहरीको टोली उनको घरमै पुग्नुपर्‍यो ? किन करिब डेढ घण्टाको परामर्शपछि उनलाई प्रहरी कार्यालय लैजानुपर्‍यो ? भन्ने जस्ता प्रश्न उठेका छन् । प्रमुख विपक्षी नेता तथा कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले 'कतै सरकार राज्य आतंक मच्चाउँदै त छैन ?' भन्ने प्रश्न उठाउँदै उक्त घटनाप्रति चिन्ता प्रकट गरे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद राजीव खत्रीले पनि यसप्रति आपत्ति जनाएका छन् ।

आइतबार बिहान करिब ३ बजे प्रहरीको टोली डिएसपीको कमाण्डमा महाराजगञ्जस्थित जबराको निवास पुगेको थियो । सुरुमा जबराले प्रहरी कार्यालय जान अस्वीकार गरेका थिए । पछि उनलाई टेकुस्थित अपराध अनुसन्धान कार्यालय पुर्‍याइएको थियो । उनलाई अदालतको पक्राउ पुर्जी नदिइएको र प्रहरीले पनि जरुरी पक्राउ पुर्जी जारी नगरेको स्रोतले जनाएको छ । यही कारण सरकारको कदमलाई लिएर 'सुरक्षाको नाममा त्रास सिर्जना गरिएको' टिप्पणी हुन भइरहेको छ ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लले प्रहरीको शैलीमाथि प्रश्न उठाएका छन् । 'राज्यविरुद्धको काम गरे, चलखेल गरे, कुनै दबाब दिए, प्रभाव पारे प्रमाण जुटाएर मुद्दा चलाए भइहाल्यो तर सुरक्षाका कारण भन्दै मध्यराति उठाएर प्रहरी कार्यालय लानु कुनै किसिमले पनि उचित होइन,' उनले प्रभावसँग भने । मल्लले यस्तो शैलीले 'रुल अफ ल'माथि नै प्रश्न उठ्ने बताएका छन् ।

सरकारमाथि उठेको अर्को गम्भीर प्रश्न राष्ट्रिय मानवअधिकार आयोगसँग जोडिएको छ । जबरालाई प्रहरीले नियन्त्रणमा लिएपछि आयोगको टोली उनको अवस्थाबारे बुझ्न टेकु पुगेको थियो । तर करिब ४५ मिनेटसम्म गेटमा कुर्दा पनि आयोगका प्रतिनिधिलाई जबरासँग भेट्न नदिएको आयोगले जनाएको छ । आयोगको टोली त्यसपछि फर्किएको थियो ।

क्रमशः पृष्ठ २ मा

अविरल वर्षाको कहर

# बाढीपहिरोमा परी २१ जनाको मृत्यु, १४३ भन्दा बढी घर बगे



मनाङ सदरमुकाम चामेबजार घट्टेखोलामा आएको पहिरोका कारण थुनिएको मर्स्याङ्दी नदी । नदी थुनिएपछि मनाङ सदमुकाम चामेबजार डुबानमा छ । बजार आसपासका मानिस नयाँ भैरवी दल गुल्ममा सुरक्षित स्थानमा लगिएको छ ।



नारायणी नदीमा आएको बाढीका कारण नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट–२ स्थित बोटेटोलमा डुबेको बस्ती । नारायणी नदीको बाढी पस्दा यहाँका ११० घर डुबानमा परेका छन् । तस्बिरः रासस

तस्बिरः रासस

- मनाङको हिमलुङ हिमालको आधार शिविरमा गएको हिमपहिरोपछि उक्त क्षेत्र पुगेका १० जना सम्पर्कविहीन, दुई जनाको शव फेला
- कालीगण्डकीको बाढीले पर्वतको जलजला गाउँपालिका–८ फर्सेको बस्ती नै बगायो, फर्सेमा ६७ वटा घर बगे २३ वटा घर उच्च जोखिममा
- बेनी–जोमसोम–कोरला सडकअन्तर्गत अन्नपूर्ण गाउँपालिका–६ पोखरेबगर र वडा नम्बर २ भुरुङ–तातोपानीको नौलीबगर जोड्ने पुल तथा स्याङजाको मिर्मी र गुल्मीको हर्मिचौर जोड्ने मोटरेबल पुल कालीगण्डकीले बगायो

**प्रभाव संवाददाता**

**काठमाडौं–** शुक्रबारदेखि परेको अविरल वर्षाका कारण देशभर २१ जनाको मृत्यु भएको छ । बाढी तथा पहिरोले १४३ बढी घर बगाएको छ । गृह मन्त्रालयका अनुसार शुक्रबारदेखि आएको वर्षापछि गएको बाढी र पहिरोका कारण सबैभन्दा बढी क्षति गण्डकी प्रदेशमा भएको छ ।

बाढीपहिरोमा परी ७४७ परिवार प्रभावित बनेका छन् । 'वर्षाका कारण आइतबार साँझ ६ बजेसम्म प्राप्त विवरणअनुसार २१ जनाको मृत्यु भएको भने ७४७ परिवार प्रत्यक्ष प्रभावित भएका छन्,' गृहअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विज्ञप्तिमा भनिएको छ । यो वर्षामा बाढी, पहिरो गरी ४२६ घटना भएका, १४३ घर पूर्णरूपमा क्षति भएका र अंशिकरूपमा ५१ घरमा क्षति पुगेको प्राधिकरणको तथ्यांकमा उल्लेख छ ।

प्रधानमन्त्री वालेन्द्र शाहले उच्च सतर्कता अपनाउन अपिल गरेका छन् । आइतबार साँझ फेसबुकमार्फत एक वक्तव्य जारी गर्दै उनले भनेका छन्, 'गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीले पुर्‍याएको क्षतिबाट नागरिकलाई माथि उठाउन हामी निरन्तर क्रियाशील छौं । तर, यही बीचमा हामीले पुनः अर्को विपद्को सामना गर्नु परेको छ । हाम्रो अगाडि खतरा अझै टरेको छैन, जोखिम कायमै छ । त्यसैले नदी तटीय क्षेत्र तथा पहाडी क्षेत्रमा बस्नुहुने र यात्रा गर्नुहुने सम्पूर्ण आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा उच्च सतर्कता अपनाउन अनुरोध गर्दछु ।'

बाढी, पहिरो तथा डुबानमा परेका एक हजार २८४ जनाको उद्धार गरिएको छ । अन्य सुरक्षा निकाय र स्थानीयको समन्वयमा बाढी पहिरोको जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षित गर्ने काम भइरहेको गृहका प्रवक्ता आनन्द काफ्लेले बताए ।

### पर्वतको फर्सेमा बगे ६७ घर

कालीगण्डकीको बाढीले पर्वतको जलजला गाउँपालिका–८ फर्सेको बस्ती नै बगाएको छ । पर्वतका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीका अनुसार फर्सेमा ६७ वटा घर बगेका छन् भने २३ वटा घर उच्च जोखिममा परेका छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## मलेसियामा नेपाली श्रमिकको मृत्युदर उच्च

### ६ वर्षमा दुई हजारभन्दा बढीले गुमाए ज्यान, मृत्युलाई सामान्यीकरण नगर्न नहुनेमा अधिकारकर्मीको जोड

**ममता थापा**



**काठमाडौं–** मलेसियामा पछिल्लो छ वर्षको अवधिमा दुई हजारभन्दा बढी नेपाली श्रमिकको मृत्यु भएको पाइएको छ । मलेसियाको मानवअधिकार आयोग (सुहाकम)का अनुसार सन् २०१८ देखि २०२४ को मे महिनासम्म दुई हजार २१४ नेपाली श्रमिकको मृत्यु भएको हो ।

गत साता सुहाकाम र नेपालको राष्ट्रिय मानवअधिकार आयोगबीचको समझदारीपत्र नवीकरणका क्रममा सुहाकमका अध्यक्ष हिशामुद्दिन युनुसले उक्त तथ्य उल्लेख गर्दै आत्महत्या र हृदयघातजस्ता दीर्घरोगका कारण नेपालीहरूको मृत्यु भएको पाइएको बताए । उनले श्रमिकको मृत्युले अमूल्य जीवन गुमेकाले यसलाई तथ्यांकका रूपमामात्र हेर्न नहुने बताएका थिए ।

मलेसियामा करिब चार लाख नेपाली श्रमिक कार्यरत रहेको बताइन्छ । त्यहाँको श्रमबजारले धेरै नेपालीहरूलाई रोजगारी दिरहेको अवस्थामा ठूलो संख्यामा श्रमिकको मृत्यु हुनुले उनीहरूको स्वास्थ्य र सुरक्षाबारे गम्भीर प्रश्न उठाएको छ ।

विभिन्न आर्थिक वर्षमा वैदेशिक रोजगार बोर्डले सार्वजनिक गर्ने मृत्युको तथ्यांकमा पनि मलेसिया गएकाहरू बढी मृत्यु भएको पाइएको छ । आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी मलेसियामा ३९४ जना नेपाली श्रमिकको मृत्यु भएको थियो । मलेसियाको हावापानी नेपालकोसँग मिल्दोजुल्दो भएकाले धेरै नेपालीहरूको रोजाइमा उक्त मुलुक पर्ने गरेको छ । तर आत्महत्या र विभिन्न प्रकारका रोगले ठूलो संख्यामा श्रमिकहरूको ज्यान गइरहँदा यसको कारणबारे थप अध्ययन आवश्यक देखिएको सरोकारवालाले बताएका छन् । त्यहाँ जाने श्रमिकले गर्ने कामको प्रकृति, कार्यघण्टा, बसोवासको स्थिति, स्वास्थ्य उपचारको पहुँच आदिको अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

गत साता दुवै मुलुकका मानवअधिकार आयोगले सन् २०२८ सम्म सहकार्य गर्ने गरी समझदारी नवीकरण गरेका छन् । उक्त समझदारीमा नेपाली श्रमिकको अधिकार संरक्षणलाई प्राथमिकतामा राखिएको छ । साथै श्रमिकका अधिकार उल्लंघनका घटनामा अनुसन्धान गर्ने विषय पनि समावेश गरिएको छ । त्यस्तै, श्रमिकको भर्ना शुल्क, जबरजस्ती श्रममा लगाउने प्रवृत्ति र सामाजिक सुरक्षाको पहुँच पनि समझदारीपत्रमा उल्लेख छ । पत्रमा नेपालीहरूलाई मलेसियाको सामाजिक सुरक्षा प्रणालीमा जोड्न त्यहाँको सामाजिक सुरक्षा संस्थासँग सहकार्य गर्ने योजना समेटिएको छ ।

यद्यपि, मलेसियामा नेपाली श्रमिकहरूले यस्ता समस्या विगतदेखि नै भोग्दै आएका छन् । सुहाकमका अनुसार सन् २०२१ देखि २०२६ को अगस्ट महिनासम्म नेपाली श्रमिकका ४६ वटा उजुरी उक्त आयोगमा परेका छन् । परेका उजुरीमध्ये रोजगारदाताले राहदानी नियन्त्रणमा लिएको, दैनिक १२ घण्टासम्म काम गर्नुपरेको, लगातार ३० दिनसम्म बिदा नपाएको, तलब ढिला पाएको, ओभरटाइमको पैसा नदिएको, असुरक्षित कार्यस्थलजस्ता उजुरी परेको मलेसियाको समाचार संस्था 'फ्रि मलेसिया टुडे'ले जनाएको छ ।


यस प्रकारका उजुरीलाई हेर्दा लामो कार्यघण्टा, पर्याप्त आराम र समयमा पारिश्रमिक नपाउने, असुरक्षित कामजस्ता कारणले श्रमिकको शारीरिक र मानसिक स्वाथ्यको जोखिम बढाएको बुझ्न सकिन्छ । यद्यपि, यसलाई पुष्टि गर्न विस्तृत अध्ययन भने आवश्यक छ ।

नेपाल र मलेसियाबीच श्रमिकको अधिकार संरक्षणका लागि सहकार्यहरू हुँदै आएका छन् । सन् २०१९ मा दुई आयोगबीच पहिलोपटक सम्झौता भएको थियो । तर त्यसयता पनि राहदानी नियन्त्रण, तलब नपाउने, बढी काम लगाउनेजस्ता उजुरीहरू पर्न छोडेको छैन । यसपटकको समझदारीले समस्या दोहोरिन नदिनुपर्ने देखिएको छ ।

मलेसियामा लाखौं श्रमिक कार्यरत रहेको अवस्थामा नेपाल सरकार उनीहरूको सुरक्षाप्रति संवेदनशील हुनुपर्ने मानवअधिकार आयोगका एक अधिकारीले बताए । धेरै श्रमिक जाने ठाउँमा मृत्यु पनि बढी भइहाल्छ भनेर श्रमिकको मृत्युलाई सामान्यीकरण गर्ने भन्दा पनि यो अवस्थालाई न्यूनीकरण गर्न आवश्यक रहेको उनको भनाइ छ । यसका लागि कुन क्षेत्रमा कति श्रमिकको मृत्यु भयो, त्यसको कारण, कामको प्रकृति, कार्य समयजस्ता विस्तृत विवरण राखेर विस्तृत अध्ययन गर्नुपर्ने ती अधिकारीले उल्लेख गरे ।

## त्रिभुवन राजपथः मुख्य सडक अवरूद्ध भएपछि वैकल्पिक मार्ग बन्दै

- पृथ्वी राजमार्ग र कान्ति राजमार्ग अवरूद्ध भएपछि त्रिभुवन राजपथमा सवारीको चाप
- आइतबारदेखि सवारी आवागमनका लागि नयाँ समयतालिका लागू
- हेटौंडाबाट काठमाडौं जाने र काठमाडौंबाट हेटौंडा आउने सवारीलाई छुट्टाछुट्टै समयमा सञ्चालन गर्ने व्यवस्था
- सडकको अवस्था बुझेर प्रशासनले जारी गरेको तालिकाअनुसार मात्र यात्रा गर्न प्रशासनको अनुरोध




**हेटौंडा–** अविरल वर्षाका कारण काठमाडौं उपत्यका जोड्ने मुख्य सडक अवरुद्ध भएपछि राजधानी आवतजावतका लागि त्रिभुवन राजपथ फेरि प्रमुख वैकल्पिक मार्ग बनेको छ ।

पृथ्वी राजमार्ग र कान्ति राजमार्ग अवरुद्ध भएपछि त्रिभुवन राजपथमा सवारीको चाप बढ्न थालेको हो । यससँगै जिल्ला प्रशासन कार्यालय मकवानपुरले आइतबार सवारी आवागमनका लागि नयाँ समयतालिका लागू गरेको छ । हेटौंडाबाट काठमाडौं जाने र काठमाडौंबाट हेटौंडा आउने सवारीलाई छुट्टाछुट्टै समयमा सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार साँघुरो सडकमा एकैपटक ठूलो संख्यामा सवारी प्रवेश गर्दा हुनसक्ने जोखिम र जाम कम गर्न समय निर्धारण गरिएको हो । उनले सडकको अवस्था बुझेर प्रशासनले जारी गरेको तालिकाअनुसार मात्र यात्रा गर्न चालक, व्यवसायी र यात्रुलाई आग्रह गरिएको बताए ।

इन्धन तथा खाना पकाउने एलपी ग्यास बोकेका सवारीबाहेक १० चक्केभन्दा ठूला तथा १५ टनभन्दा बढी भार भएका मालवाहक सवारीलाई अर्को व्यवस्था नभएसम्म त्रिभुवन राजपथ प्रयोग गर्न रोक लगाइएको प्रजिअ अधिकारीले बताए । उनका अनुसार यात्रुवाहक सवारीतर्फ ११ मिटर लम्बाइसम्मका सवारीलाई मात्रै सञ्चालन गर्न दिइएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### बाढीपहिरोमा...

असोज ८ गतेदेखि नै भारी वर्षाले बाढी र पहिरो आउन सक्ने भन्दै सतर्क गराउँदा घर छोडेर मानिसहरू सुरक्षित स्थानमा सरेका थिए । कालीगण्डकीमा आएको बाढीकै कारण पर्वतको बिहादी गाउँपालिका-६ र स्याङजाको गल्याङ नगरपालिका-५ तर्फका केही घरहरू पनि डुबानमा परेका छन् । ३० घर डुबानमा परेको खबर खाए पनि क्षतिको विवरण भने संकलन भइरहेको क्षेत्रीले जानकारी दिए ।

मनाङमा पनि बाढीले केही घर, पुल र कज-वे बगाएको छ भने मनाङमा बिजुली र सञ्चार सम्बन्ध राख्ने मोबाइल नेटवर्क नै नहुँदा सूचना संकलनमै समस्या परेको छ । मनाङका प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालका अनुसार लगातारको वर्षापछि विभिन्न खोलामा आएको बाढीले १० घरमा पूर्णरूपमा क्षति पुगेको छ भने त्यति नै संख्यामा घर डुबानमा परेका छन् ।

तिनाउको बाढीले बुटवल उपमहानगरपालिका-११ टपमझुवा क्षेत्रका छ घर बगाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख जनकबहादुर शाहीका अनुसार बाढीले दुई पक्की र चार कच्ची घर बगाएको हो ।

वर्षाका कारण तनहुँका १८ घरमा क्षति पुगेको छ । यता कालीगण्डकी नदी र सेतीखोलामा आएको बाढीका कारण सेतीवेणी बजार डुबानमा परेको छ । स्याङजा, पर्वत र गुल्मीको सीमामा रहेको कालीगण्डकी नदी र सेतीखोलाको किनारमा अवस्थित सेतीवेणी बजार डुबानमा परेको हो ।

### दुई मोटरेबल पुल बगायो

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगर र वडा नम्बर २ भुरुङ-तातोपानीको नौलीबगर जोड्ने पुल कालीगण्डकीले बगाएको छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनका अनुसार अन्नपूर्ण गाउँपालिकाका वडा २, ३, ४ का साथै मुस्ताङसँगको यातायात सम्पर्कबाट विच्छेद भएका छन् ।

यसैगरी स्याङजाको मिर्मी र गुल्मीको हर्मिचौर जोड्ने मोटरेबल पुलसमेत कालीगण्डकी नदीले बगाएको छ । पूर्वी नवलपरासी जिल्ला गैडाकोट नगरपालिका-२ बोटेटो स्थितबाट होटल रिभर क्राउनको पानि जहाज (क्रुज) नारायणी नदीले बगाएको छ । पानी जहाज सोही स्थान नजिक रहेको नारायणी नदीको पुलमा आई पूर्वी नवलपरासी तर्फको पहिलो पिल्लर र जमिनको भागमा अड्किएको छ ।

### सात जिल्लामा विद्युत् विच्छेद

बाढीपहिरोका कारण राष्ट्रिय प्रसारणलाइनमा क्षति हुँदा विभिन्न सात जिल्लामा विद्युत् आपूर्ति पूर्णरूपमा बन्द भएको छ । बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ, रोल्पा, प्युठान र रुकुम पूर्वमा विद्युत् आपूर्ति पूर्णरूपमा बन्द भएको हो ।

कालीगण्डकी नदीले ३३ केभीको प्रसारणलाइन बगाएपछि बागलुङ, म्याग्दी, मनाङ र मुस्ताङमा बिजुली पूर्णरूपमा अवरुद्ध भएको हो । कालीगण्डकी करिडोर २२० केभी प्रसारणलाइनको दाना-कुश्मा खण्डमा क्षति पुग्दा १२ वटा आयोजनाको उत्पादन बन्द भएको छ ।

३८ मेगावाटको नीलगिरि-१, ७१ मेगावाटको नीलगिरि-२, ४२ मेगावाटको मिस्त्री खोला, १४.८ मेगावाटको घार खोला, १३.६ मेगावाटको थापा खोला, छ मेगावाटको लेले खोला, पाँच मेगावाटको घलेम्दी, ४८.५ मेगावाटको अपर राहुघाट, ३५.५ मेगावाटको राहुघाट मंगले, २२.५ मेगावाट माथिल्लो ठूलोखोला, २१.३ मेगावाटको ठूलोखोला र ४० मेगावाटको राहुघाटको उत्पादन बन्द भएको हो ।

रोल्पा, प्युठान र रुकुम पूर्वमा पनि बिजुली सेवा पूर्णरूपमा अवरुद्ध भएको छ । १३२ केभीको लमही-भिमरुक प्रसारण लाइनअन्तर्गत दाङको मुरुकुटी भन्ने ठाउँमा तार चुँडिएर बिजुली अवरुद्ध भएकामा तार जोड्ने काम भइरहेको छ । घोराही-होलेरी ३३ केभी प्रसारणलाइनमा पनि विभिन्न ठाउँमा रुख ढलेर तार र पोलमा क्षति पुगेको छ ।

तुल्सीपुरबाट सल्यान र रुकुम पश्चिम हुँदै रुकुम पूर्वमा विद्युत् पठाउने ३३ केभीको प्रसारणलाइन पनि विभिन्न ठाउँमा रुख ढलेर अवरुद्ध भएको छ ।

### हिम्लुङ हिमपहिरोमा बेपत्तामध्ये दुई जनाको शव फेला

मनाङको नार्पाभूमि गाउँपालिका-५ स्थित हिम्लुङ हिमालको आधार शिविरमा गएको हिमपहिरोमा परी बेपत्ता भएकामध्ये दुई जनाको शव फेला परेको छ । आइतबार गएको उद्धार टोलीले ती शव फेला पारेको नेपाल प्रहरीले जानकारी दिएको छ ।

मनाङका प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालका अनुसार उक्त क्षेत्रमा रहेका २२ जनाको टोलीमध्ये १२ जना सम्पर्कमा आएका छन् । बाँकी बेपत्ता १० जनामध्ये दुई जनाको शव फेला परेको हो । बाँकीको खोजी कार्य आज (सोमबार) निरन्तरता दिइने उनले बताए ।

यता नेपाल नेसनल माउन्टेन गाइड एसोसिएसनले भने कूल १६ जना बेपत्ता भएका बताएको छ । जसमध्ये दुई जनाको शव भेटिएको र अझै १४ जना सम्पर्कविहीन रहेको एसोसिएसनले जनाएको छ ।

■■■

### 'सुरक्षा थ्रेट'को रहस्यमय...

अझ रोचक पक्ष के छ भने जबरालाई करिब १२ घण्टा प्रहरी कार्यालयमा राखिएपछि प्रहरीले परिवारको जिम्मा लगाएर छाडेको छ । एसएसपी खड्काले भने उनलाई सुरक्षित ठाउँमा पठाइएको बताएका थिए । पछि प्रहरीका एसपी तथा प्रवक्ता रामेश्वर कार्कीले परिवारको जिम्मा लगाइएको बताएका छन् ।

यदि सुरक्षा थ्रेटकै कारण उनलाई नियन्त्रणमा लिइएको थियो भने खतरा कहाँबाट थियो ? धम्की कसले दिएको थियो ? सुरक्षा जोखिमको प्रकृति के थियो ? र खतरा हटेपछि किन उनलाई घर फर्काइयो ? सरकारले कारण सार्वजनिक गरेको छैन ।

घटनाको अर्को पाटो राजनीतिक पनि देखिन्छ । जबराले पछिल्लो समय नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलगायत राजनीतिक व्यक्तिहरूसँग भेटघाट गरेको र सरकारविरुद्धको राजनीतिक गतिविधिमा संलग्न भएको आशंका गरिएको विवरण सार्वजनिक भएको छ । तर कसैसँग भेटघाट गर्नु आफैंमा अपराध होइन । विपक्षी दलसँग भेट्नु वा सरकारविरुद्ध राजनीतिक धारणा राख्नु लोकतान्त्रिक व्यवस्थाभित्र निषेधित गतिविधि पनि होइन ।

त्यसैले मूल प्रश्न जबराले कसलाई भेटे भन्नेभन्दा पनि सरकारले उनीमाथि कारबाही गर्नुपर्ने कुनै कानुनी आधार थियो कि थिएन भन्नेमा केन्द्रित भएको छ । सरकारविरुद्ध राजनीतिक चलखेल भएको सूचना थियो भने त्यसको अनुसन्धान गर्न सकिने बाटो कानुनमै छ । प्रमाण भेटिए मुद्दा चलाउन सकिन्छ । तर कुनै स्पष्ट अभियोगबिना राति घरबाटै पूर्वप्रधानन्यायाधीशलाई प्रहरी कार्यालय पुऱ्याउने शैलीले राज्यको शक्ति कसरी प्रयोग भइरहेको छ भन्ने प्रश्न उठाएको छ ।

सरकारले आफ्नो कदमलाई सुरक्षा व्यवस्थापनका रूपमा व्याख्या गरेको छ । आलोचकहरूले भने यसलाई सुरक्षा होइन, राज्यशक्तिको प्रदर्शनका रूपमा हेरेका छन् । यही विरोधाभासले घटनालाई थप रहस्यमय बनाएको छ ।

मानवअधिकार आयोगले प्रहरीको व्यवहारप्रति आपत्ति जनाएको छ । आयोगले आफ्नो संवैधानिक तथा कानुनी अधिकारअनुसार अनुगमन गर्न पुगेको टोलीलाई प्रवेशमा रोक लगाइनु गम्भीर विषय भएको जनाएको छ । प्रवेशमा अवरोध गर्ने प्रहरी अधिकारीलाई कानुनी दायरामा ल्याउनसमेत आयोगले ध्यानाकर्षण गराएको छ ।

■■■

### त्रिभुवन राजपथ...

काठमाडौं जोड्ने अन्य सडक प्रभावित हुँदा त्रिभुवन राजपथमा सअघि पनि सवारीको चाप बढ्ने गरेको थियो । गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीपछि त्रिशूली नदीको कटानका कारण पृथ्वी राजमार्ग प्रभावित हुँदा यही सडक लामो समय वैकल्पिक मार्ग बनेको थियो ।

कुलेखानी जलाशयको पानीको सतह बढ्दै गएपछि प्रशासनले आइतबार साँझदेखि देउराली-सिस्नेरी सडकखण्डमा सवारी आवागमन बन्द गरेको छ । यससँगै हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको अर्को वैकल्पिक मार्गसमेत बन्द भएपछि त्रिभुवन राजपथमा निर्भरता थप बढेको प्रजिअ अधिकारीले बताए । प्रशासनले अत्यावश्यक यात्राका क्रममा त्रिभुवन राजपथका लागि जारी गरिएको समयतालिका पालना गर्न आग्रह गरेको छ ।

काठमाडौंलाई तराईसँग जोड्ने पुराना सडक मार्गमध्ये पर्ने त्रिभुवन राजपथ भारतको सहयोगमा सन् १९५० को दशकमा निर्माण गरिएको थियो । साँघुरा घुम्ती, पुरानो सडक संरचना र जोखिमयुक्त भूभागका कारण सामान्य अवस्थामा अन्य मार्गको तुलनामा कम प्रयोग हुने यो सडक मुख्य मार्ग अवरुद्ध हुनेबित्तिकै राजधानीको वैकल्पिक सडक सम्पर्कका रूपमा प्रयोग हुँदै आएको छ ।

पटक-पटक विपद्का बेला यही सडकमा निर्भर हुनुपर्ने अवस्था आए पनि यसको विस्तार, जोखिमयुक्त घुम्ती सुधार र दीर्घकालीन स्तरोन्नतिको विषय भने अझै चुनौतीका रूपमा रहेको छ । *रासस*


## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति ।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको ।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष ।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष ।

नोटः + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

★ तलबः योगयता तथा अनुभवअनुसार Negotiable

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**

Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554

E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## कतारमा रोजगार

कम्पनी : ABBAN CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/१९ LT. No. 341212 चलानी नं. ६०२५६६५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 1 | 0 | 1800 | ७५,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Purchasing Representative | 0 | 1 | 2200 | ९२,४७५ | | | | | | | |
| 3. | Cashier Female | 0 | 1 | 1500 | ६३,०५१ | | | | | | | |
| 4. | Cashier | 0 | 1 | 1500 | ६३,०५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १९ गते (5th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205

Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

## मलेसिया/युएइमा रोजगार

कम्पनी : HARTA MAINTENANCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/११ LT. No. 343408 चलानी नं. ६०२५६६८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 1700 | ६३,८७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/११ LT. No. 343844 चलानी नं. ६०२५५७१५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 189 | 0 | 1000 | ४१,६७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १९ गते (5th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५७१/०७९/०८०

**SPACE HR SOLUTIONS PVT.LTD**

Basundhara, Kathmandu; Tel: 01-5925496

E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

## हामीलाई सम्झनुहोस्

**मिलिनियम सोसल म्यारिज व्युरो एण्ड हाउस किपर कम्युनिकेसन प्रा.लि.**ले तपाईं आफ्नो घर, कार्यालय वा संस्थाका लागि योग्य तथा आवश्यक कामदारको खोजीमा हुनुहुन्छ ? अथवा आफैं कामको खोजीमा हुनुहुन्छ ?

त्यसैगरी, तपाईं वा तपाईंका आफन्तजन जीवनसाथीका रूपमा उपयुक्त, योग्य र मन मिल्ने बर वा बधूको खोजीमा हुनुहुन्छ भने, आफ्नो आवश्यकता र अपेक्षासहित हामीसँग सम्पर्क गर्नुहोस् ।

**Millennium Social Marriage Bureau**
Sarita Chaulagain
(Manager)

**Contact No. :**
9763389465, 9708904316
Tinkune, Madan Bhandari Marg
Kathmandu
(Near BMW Showroom)

तपाईंको आवश्यकता र चाहनाअनुसार उचित समन्वय र सहजीकरण गर्नु हाम्रो उद्देश्य हो ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०१/०३ मा दर्ता कायम भएको **ईन्टर टेक ग्लोबल ईन्टरप्राईजेज प्रा.लि. (प्रा.लि.नं. १२१६१५/०७०/०७१)** लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/३१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०३/२७ मा दर्ता भएको **प्रा.लि. नं. १७०७५४** को **आर.एस.जि. इन्टरनेशनल प्रा. लि.** को मिति २०८३/०६/१० गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०५, फोन नं. ९८४११५३११४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१२**

मिति २०८३/०५/२६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बुक पाल प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आइटिनेला एडभेन्चर्स प्रा. लि. (दर्ता नं.: ३२१७३१)** कायम गर्ने गरी मिति २०८३/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, १२ असोज, २०८३**

| | |
|---|---|
| मेष | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको अवसर मिल्नेछ । |
| वृष | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग र सकारात्मक ऊर्जा प्राप्त हुनेछ । |
| मिथुन | नयाँ अवसरले उत्साहित बनाउनेछ । बोलीमा संयम अपनाउँदा सम्बन्ध अझ राम्रो हुनेछ । |
| कर्कट | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा नियन्त्रण राख्नु लाभदायक हुनेछ । |
| सिंह | जिम्मेवारी बढे पनि सफलता हात लाग्नेछ । नयाँ कामको योजना बनाउन अनुकूल दिन । |
| कन्या | काममा प्रगति हुनेछ । साथीभाइ तथा सहकमीबाट आवश्यक सहयोग मिल्नेछ । |
| तुला | आर्थिक लाभको सम्भावना छ । व्यक्तिगत सम्बन्धमा समझदारी बढ्नेछ । |
| वृश्चिक | आत्मविश्वास बढ्नेछ । महत्वपूर्ण निर्णय लिनुअघि पर्याप्त सोचविचार गर्नु राम्रो हुनेछ । |
| धनु | नयाँ कामको सुरुवातका लागि दिन सकारात्मक छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| मकर | काममा व्यस्तता बढ्नेछ । धैर्य र निरन्तरताले अपेक्षित सफलता दिलाउनेछ । |
| कुम्भ | सिर्जनात्मक काममा सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोस् । |
| मीन | मनमा रहेका योजना पूरा गर्ने अवसर मिल्नेछ । परिवारसँगको सम्बन्ध सुखद रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ असोज, २०८३ (२८ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५३.०१ | १५३.६१ |
| युरो | १ | १७४.३२ | १७५.०० |
| पाउन्ड स्टिर्लङ | १ | २०२.६४ | २०३.४३ |
| स्विस फ्रैन्क | १ | १८४.४६ | १८५.१८ |
| अस्ट्रेलियन डलर | १ | १०७.५५ | १०७.९७ |
| क्यानाडियन डलर | १ | १०८.१८ | १०८.६० |
| सिङगापुर डलर | १ | ११९.७३ | १२०.२० |
| जापानी येन | १० | ९.६८ | ९.७२ |
| चिनियाँ युआन | १ | २२.७९ | २२.८८ |
| साउदी अरब रियाल | १ | ४०.७५ | ४०.९१ |
| कतारी रियाल | १ | ४२.०० | ४२.१६ |
| थाई भाट | १ | ४.५९ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६६ | ४१.८२ |
| मलेसियन रिङेट | १ | ३७.५६ | ३७.७० |
| दक्षिण कोरियन वन | १०० | ११.२९ | ११.३३ |
| स्विडिस क्रोनर | १ | १५.४४ | १५.५१ |
| डेनिस क्रोनर | १ | २३.३२ | २३.४१ |
| हङकङ डलर | १ | १९.५१ | १९.५८ |
| कुवेती दिनार | १ | ४९७.२७ | ४९९.२२ |
| बहराइन दिनार | १ | ४०५.८९ | ४०७.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा बाढीपहिरोको बितण्डा













१) शनिबार रातिको भारी वर्षाका कारण मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ लुप्रा गाउँबीचबाट बग्ने खोलामा आएको बाढीले पुऱ्याएको क्षति । यहाँ एक गुम्बासहित पाँच घरमा क्षति पुगेको छ ।
२) बेनी-जोमसोम-कोरला सडकअन्तर्गत आइतबार कालीगण्डकीले बगाएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगर र वडा नम्बर- २ भुरुङ-तातोपानीको नौलीबगर जोड्ने पुल ।
३) त्रिशूली नदीको बढ्दो बहावको कारण जोखिममा परेको नुवाकोटको तारकेश्वर गाउँपालिका-४ दर्शनटार बस्ती ।
४) आइतबार बिहान सडक माथिबाट ढुंगा माटोसहितको पहिरो आएर पूर्णरूपमा अवरूद्ध बनेको अरनिको राजमार्गको धुलिखेल नगरपालिका-८ जिपलाइन सडकखण्ड ।

*तस्बिरहरू: रासस*

# 'सेवा प्रवाहमा उत्कृष्टता ल्याउन प्रतिष्ठानको भूमिका महत्त्वपूर्ण'

**ललितपु (प्रस)**– राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले सरकारी सेवामा क्रियाशील कर्मचारीहरूको दक्षता, सीप र ज्ञानको अभिवृद्धिमा काम गर्दै सेवा प्रवाहमा उत्कृष्टता ल्याउन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आइतबार यहाँ आयोजना गरेको आफ्नो ४४औं वार्षिकोत्सव एवं कर्मचारी पुनःमिलन कार्यक्रममा उपाध्यक्ष डा. भट्टले प्रतिष्ठान महत्त्वपूर्ण प्रज्ञिक थलोका रूपमा रहेको भन्दै आजभन्दा ४४ वर्ष अगाडि दूरदर्शी सोचका साथ प्रतिष्ठानको स्थापना गरिएको बताए ।

'अनुसन्धान, विकास र नवप्रवर्तनमा हुने लगानी आर्थिक वृद्धि र समृद्धिको प्रमुख आधार हो, विश्व अर्थतन्त्रमा नेतृत्व गरिरहेका मुलुकहरूको सफलतामा अनुसन्धान तथा नवप्रवर्तनमा गरिएको लगानीको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले प्रशिक्षण तथा अध्ययन गराउने संस्थाले कस्तो ज्ञान र सोच भएका प्रशासक तयार गर्छ भन्ने विषय प्रत्यक्षरूपमा सार्वजनिक सेवा प्रवाहसँग जोडिन्छ,' उपाध्यक्ष डा. भट्टले भने ।

अनुसन्धान र नवप्रवर्तनले नै विश्व अगाडि बढिरहेको उल्लेख गर्दै उनले प्रशासकलाई दिइने शिक्षा र दृष्टिकोणले नागरिकप्रतिको व्यवहार तथा सरकारी नीतिमा प्रभाव पार्ने बताए । इतिहासमा माल्थस र रिचर्ड जोन्सबाट प्रशिक्षित प्रशासकहरूको फरक दृष्टिकोणले भारतमा भोकमरी, खडेरी र नागरिकप्रतिको सरकारी व्यवहारमा फरक प्रभाव पारेको उदाहरण प्रस्तुत गर्दै उपाध्यक्ष डा. भट्टले प्रशिक्षणमा नागरिकप्रतिको संवेदनशीलता आवश्यक रहेको उल्लेख गरे ।

'उच्च आर्थिक वृद्धि र समृद्धिका लागि प्रभावकारी सरकारी सेवा प्रवाह अपरिहार्य छ, प्रशिक्षण संस्थाले योग्य, अनुशासित, आचरणयुक्त र नागरिकप्रति संवेदनशील जनशक्ति उत्पादन गर्नुपर्ने छ,' उनले भने ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा. भोला थापाले सार्वजनिक सेवामा चुस्तता ल्याउने सन्दर्भमा विश्वविद्यालयसँग प्रतिष्ठानलाई जोडेर कार्यक्षमता अभिवृद्धि गर्ने काममा जोड दिएर लाग्ने बताए । उनले प्रतिष्ठान र विश्वविद्यालयले हासिल गरेका अनुभव र सिकाइ एकअर्कामा आदानप्रदान गरेर अध्ययन अनुसन्धानमा ध्यान दिएर लाग्ने उल्लेख गर्दै त्रिभुवन विश्वविद्यालय र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबीच रचनात्मक सहकार्य हुने बताए ।


## कुवेतमा रोजगार

कम्पनी : ENTELOPE FOR LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/११ | LT. No. 324295 | चलानी नं. ६०२३८२७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ७४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/pedicurist | 0 | 2 | 150 | ७४,१९५ | | | | | | | |
| 3 | Nail Artist | 0 | 2 | 150 | ७४,१९५ | | | | | | | |

कम्पनी : GOLD SUSPENSION SYSTEM MALAYSIA SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/११ | LT. No. 340156 | चलानी नं.६०२५३६१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 38 | 0 | 1700 | ६३,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १९ गते (5th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : COMPANY INNISHIAL AL-ARBIA AL-SAOUDIA LTD.

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/११ | LT. No. 338237 | चलानी नं. ६०२५७३६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1700 | ६३,८७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज १९ र २० गतेसम्म (5th & 6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: 01-4562547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066

## कतारमा रोजगार

कम्पनी : VERA CLEANING AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/११ | LT. No. 344151 | चलानी नं. ६०२५७४५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 4 | 1200 | ५०,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Cleaner | 8 | 14 | 1000 | ४२,०३३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १९ गते (5th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

## मलेसियामा रोजगार

कम्पनी : AK TOP NOTCH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पूर्व स्वीकृति मिति : २०८३/०६/११ | LT. No. 332026 | चलानी नं. ६०२४५७१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | 1700 | ६३,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १९ गते (5th Oct. 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## साउदीमा रोजगार

कम्पनी : Arabian Horsemen Company Limited

शेवा शुल्क: १०,०००/

पूर्व स्वीकृति मिति : २०८३/०६/०८ | LT. No. 348342 | चलानी नं. ६०२६१६९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver-Heavy Truck | 4 | 0 | 1800 | ७३,३५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १९ गते (5th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इंप.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Mohammad Nasir - 9851062408,Email: alkausharhr@gmail.com

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना १२ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय मनहरीबाट तपशिलमा उल्लेखित ऋणीले आवास कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

डम्बला प्रजाको नाति श्रीलाल प्रजाको छोरा मकवानपुर जिल्ला राक्सीराङ गा.वि.स वडा नं. ८ हाल, मनहरी गा.पा वडा नं. ७ बस्ने **कृष्ण बहादुर प्रजा** (ना.प्र.नं : ३१८६ जारी मिति र जिल्ला : २०४२/११/०५, मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बहावल प्रजाको छोरी श्रीलाल प्रजाको बुहारी कृष्ण बहादुर प्रजाको पत्नी मकवानपुर जिल्ला राक्सीराङ गा.वि.स वडा नं. ८ हाल, मनहरी गा.पा वडा नं. ७ बस्ने **मदु माया प्रजा** (ना.प्र.नं. : १३३१९ जारी मिति र जिल्ला : २०४५/१०/२५, मकवानपुर)

२) श्रीलाल प्रजाको नाति कृष्ण बहादुर प्रजाको छोरा मकवानपुर जिल्ला राक्सीराङ गा.पा. वडा नं. ८ हाल, मनहरी गा.पा वडा नं. ७ बस्ने **सामुयल राना प्रजा** (ना.प्र.नं. : ३११०१७/४८५३० जारी मिति र जिल्ला : २०६४/११/२६, मकवानपुर)

३) श्रीलाल प्रजाको नाति कृष्ण बहादुर प्रजाको छोरा मकवानपुर जिल्ला राक्सीराङ गा.वि.स वडा नं. ८ हाल, मनहरी गा.पा. वडा नं. ७ बस्ने **प्रकाश राना प्रजा** (ना.प्र.नं. : ३११०१७/७३६४३ जारी मिति र जिल्ला : २०६७/०४/१२, मकवानपुर)

४) भीम डम्बला प्रजाको नाति लाल प्रजाको छोरा मकवानपुर जिल्ला राक्सीराङ वडा नं. ८ हाल, मनहरी गा.पा. वडा नं. ७ बस्ने **जोएल प्रजा** (ना.प्र.नं. : ३१३४/२१२ जारी मिति र जिल्ला : २०५६/०८/२६, मकवानपुर)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
मिति २०८२ साल कार्तिक महिना २६ गतेको उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## विपद्प्रभावितको उद्धार र पुनर्स्थापनामा ढिलाइ नगर

अविरल वर्षा, बाढी र पहिरोले मुलुकलाई पुनः एकपटक गम्भीर शोक र संकटको मोडमा उभ्याएको छ । शुक्रबारदेखि देशका विभिन्न भागमा परेको झरीका कारण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आइतबार साँझसम्मको विवरणअनुसार २१ जनाभन्दा बढी नागरिकले ज्यान गुमाइसकेका छन् । सयौं परिवार घरबारविहीन भएका छन् भने ७४७ भन्दा बढी परिवार प्रत्यक्ष रूपमा प्रभावित बनेका छन् । गण्डकी प्रदेशलगायत पहाडी र तटीय क्षेत्रमा बाढीपहिरोले पुऱ्याएको विनाशले देशको पूर्वाधार र सर्वसाधारणको जीवनमा अपूरणीय क्षति पुऱ्याएको छ ।

पर्वतको फर्सेमा सिंगो बस्ती नै कालीगण्डकीको बाढीले बगाउनु, मनाङका दूरदराजमा सञ्चार र विद्युत् सम्पर्क विच्छेद हुनु, तथा हिमाली क्षेत्रमा हिउँपहिरोमा परी नागरिकहरू बेपत्ता हुनुले विपद्को भयावह रूपलाई छर्लंग पार्छ । बेनी–जोमसोम सडकखण्डका महत्त्वपूर्ण मोटरेबल पुलहरू बग्नु र सात जिल्लामा विद्युत् सेवा पूर्णरूपमा ठप्प हुनुका साथै दर्जनौं जलविद्युत् आयोजनाको उत्पादन बन्द हुनुले राष्ट्रिय अर्थतन्त्र र पूर्वाधारमा कति ठूलो आघात पुगेको छ भन्ने देखाउँछ ।

विपद्को यो घडीमा प्रधानमन्त्री तथा गृह मन्त्रालयबाट उच्च सतर्कता अपनाउन अपिल गरिनु र सुरक्षा निकायबाट १२ सयभन्दा बढी नागरिकको उद्धार गरिनु सराहनीय सुरुआत हो । तर, राज्यको दायित्व केवल सतर्कताको अपिल जारी गर्ने वा सामान्य उद्धारमा सीमित हुनु हुँदैन । अहिलेको प्राथमिकता 'उद्धार, राहत र पुनर्स्थापना'लाई एकीकृत र तीव्र गतिमा अगाडि बढाउनु हो ।

पहिलो, उद्धार र खोजी कार्यलाई थप तीव्र बनाइनुपर्छ । मनाङको हिम्लुङ आधार शिविरमा गएको हिमपहिरोमा बेपत्ता भएकाहरूको खोजतलास र उद्धारका लागि उच्च हिमाली क्षेत्रमा प्रभावकारी जनशक्ति र प्रविधि तत्काल परिचालन गरिनुपर्छ । सञ्चार र विद्युत् सेवा अवरुद्ध भएका मनाङ, म्याग्दी, बागलुङजस्ता दुर्गम क्षेत्रमा हेलिकप्टर तथा वैकल्पिक माध्यमबाट उद्धार टोली र अत्यावश्यक खाद्य तथा औषधि सामग्री पुऱ्याउन ढिलाइ गरिनु हुँदैन ।

दोस्रो, तत्काल राहत र सुरक्षित पुनर्स्थापनाको ठोस व्यवस्था हुनुपर्छ । घरबारविहीन बनेका १४३ भन्दा बढी परिवार र उच्च जोखिममा रहेका बस्तीका नागरिकहरूका लागि अस्थायी आवास, स्वच्छ खानेपानी, स्वास्थ्य उपचार र खाद्यान्नको प्रबन्ध राज्यले तत्काल मिलाउनुपर्छ । बाढी र पहिरोको जोखिम अझै नटरेकाले जोखिमयुक्त पहाडी तथा नदी तटीय बस्तीका मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखिनुपर्छ ।

तेस्रो, अत्यावश्यक पूर्वाधारको द्रुत मर्मत र सञ्चार पुनर्स्थापना अनिवार्य छ । विद्युत् प्रसारणलाइन र टेलिफोन टावरहरूमा पुगेको क्षतिलाई युद्धस्तरमा मर्मत गरी अन्धकार र सूचनाविहीनताको स्थिति अन्त्य गरिनुपर्छ । साथै, कटान भएका सडक र बगेका पुलहरूको ठाउँमा तत्काल वैकल्पिक मार्ग (बेली ब्रिज वा डाइभर्सन) निर्माण गरी मनाङ, मुस्ताङजस्ता हिमाली जिल्लाको सम्बन्ध पुनः जोड्नुपर्छ ।

प्राकृतिक विपद्लाई रोक्न नसकिए पनि पूर्वतयारी, द्रुत प्रतिक्रिया र वैज्ञानिक पुनर्स्थापनामार्फत धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ । त्यसैले, सरकारले कागजी निर्देशनमामात्र सीमित नभई सम्पूर्ण संयन्त्र, सेना, प्रहरी, स्थानीय तह र स्वयंसेवकहरूलाई एकीकृतरूपमा मैदानमा उतारेर प्रत्येक प्रभावित नागरिकले सरकारको उपस्थिति महसुस गर्नेगरी काम गर्नुपर्छ । नागरिकको जीवन रक्षा गर्नु र संकटमा परेकाहरूलाई पुनर्जीवन दिनु नै यतिबेला राज्यको सबैभन्दा ठूलो धर्म र दायित्व हो ।

## श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# भोटेकोशी विपद्, राज्यको अबको दायित्व



❑ आरजी पाण्डेय

"अनियन्त्रित र डोजरे विकास, कमजोर भू-बनोट र जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको अभूतपूर्व परिवर्तनले जलजन्य विपद्को जोखिमलाई थप बढाएको छ । यसले बर्सेनि अर्बौंको पूर्वाधार र सयौं धनजनको क्षतिमात्र पुऱ्याएको छैन, अपितु देशको दिगो विकासका प्रयासहरूमा पनि ठूलो धक्का पुऱ्याएको छ । तसर्थ परम्परागत उद्धार र राहत बाँड्ने काममामात्र सीमित नभई अब वैज्ञानिक पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती विकास, नदी करिडोरको संरक्षण र जलवायु अनुकूलको रणनीतिलाई एकीकृत गरी विपद् जोखिम न्यूनीकरणमा दीर्घकालीन कदम चाल्नु अपरिहार्य भइसकेको छ ।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट र धादिङ जिल्लामा अकल्पनीय मानवीय र भौतिक विनाश पुऱ्यायो । यो क्षति हिमाली र पहाडी भूगोलको चार किल्लाभित्र मात्र सीमित रहेन, यसको दुःखद् असरले देशका ७७ वटै जिल्ला र कयौं विदेशी नागरिकका परिवारलाई समेत गहिरो शोकमा डुबाएको छ । यो केवल एउटा मौसमी बाढी वा सामान्य प्राकृतिक प्रकोपमात्र थिएन यो हजारौं परिवारका लागि कहिल्यै बिर्सन नसकिने र वर्षौंसम्म मुटुमा बिझाइरहने गहिरो पीडाको छाप बनेर गएको छ । नेपालले विगतमा पनि विभिन्न खाले विपत्तिहरू झेल्दै आएको हो, तर भोटेकोशीको यो महाप्रलय यति भयानक भयो कि यसले सिंगो देशलाई नै स्तब्ध बनाइदियो ।

एकै निमेषमा सयौं नागरिकले अकालमा ज्यान गुमाउनुपऱ्यो भने हजारौं अझै बेपत्ता छन् । यस बाढीबाट भएको भौतिक क्षतिको यथार्थ हिसाबकिताब अझै आउन सकेको छैन, र अकालमा गुमेका अमूल्य मानवीय क्षतिको त कुनै लेखाजोखा वा क्षतिपूर्ति हुन नै सक्दैन । २०७२ को महाभूकम्प, भारतीय नाकाबन्दी र कोरोना महामारीजस्ता ठूला संकट व्यहोर्दै आएको देशका लागि विपद् नौलो विषय होइन । तर, 'मानिसलाई प्राकृतिक विपत्तिलेभन्दा पनि मानव-सिर्जित संरचना, कमजोर नीति र तयारीको अभावले बढी क्षति पुऱ्याउँछ' भन्ने कठोर सत्यलाई यसपटकको त्रासदीले पुनः पुष्टि गरेको छ ।

### दशकौंदेखिको नीतिगत अकर्मण्यता र अल्पकालीन सोच

यो विनाश केवल कुनै एउटा समयको सरकार वा सीमित अधिकारीहरूको मात्र असफलता होइन । यो त विगत दशकौं वर्षदेखि सत्ता सम्हाल्दै आएका कुनै पनि सरकार र राज्य संयन्त्रले विपद् व्यवस्थापन, पूर्वसूचना प्रणाली र सुरक्षित पूर्वाधार विकासमा ध्यान नदिएको दीर्घकालीन बेवास्ताको परिणति हो । नेपाल भौगोलिकरूपमा भूकम्प, बाढी, पहिरो, हिमताल विस्फोटन, डुबान र आगलागीजस्ता प्राकृतिक विपत्तिको अति संवेदनशील क्षेत्र हो भन्ने थाहा हुँदाहुँदै पनि दशकौंदेखि पूर्वाधार निर्माण गर्दा सुरक्षित उपाय र विपद्-प्रतिरोधी ढाँचालाई पूर्णरूपमा वास्तै गरिएन ।

नदी करिडोरका बस्ती, जलविद्युत् आयोजना, सडक तथा पुल-पुलेसा निर्माण गर्दा दीर्घकालीन सुरक्षा रणनीति बनाउनुपर्नेमा केवल अल्पकालीन सोच, 'तातै खाउँ, जल्दी मरौं' भन्ने कार्यशैली र क्षणिक वित्तीय लाभका योजनाहरूमा मात्र राज्य अल्झिरह्यो । नागरिकका लागि सुरक्षित बासस्थान र विपद्प्रतिरोधी संरचना बनाउनेतर्फ राज्यको ध्यान जान सकेन भने निजी क्षेत्र र व्यक्तिहरूले पनि सुरक्षित आवास र व्यवसायमा पर्याप्त ध्यान दिएको पाइएन । योजना आयोगदेखि मन्त्रालयसम्मका टेबलमा बनेका 'विपद् जोखिम न्यूनीकरण'का मोटा कागजातहरू व्यवहारमा होइन, केवल मन्त्रालयका दराजहरूमा थन्किनुको परिणाम आज सोझा र निर्दोष नागरिकले आफ्नो ज्यान दिएर चुकाउनुपरेको छ ।

### प्रविधिको युगमा पूर्वसूचनाको असफलता

सूचना प्रविधिको आधुनिक युगमा पूर्वसूचना दिने प्रविधि जडान नगर्नु र भविष्यमा पर्न सक्ने भवितव्यबारे सोच्दै नसोच्नु सम्पूर्ण राज्य संयन्त्रको चरम असंवेदनशीलता हो । विगतमा हाम्रा पुर्खाले सञ्चारका साधन नहुँदा पनि डाँडामा गएर कराएर वा कटुवाल घोकाएर गाउँलेलाई जोगाउँथे । बेँसीमा खेतीकिसान गरे पनि घर-बस्ती भने लेकका सुरक्षित ठाउँमा बसाउँथे । जल, जंगल र जमिनको प्राकृतिक नियम बुझेर बसोबास मिलाउने हाम्रा पुर्खाको त्यो मौलिक ज्ञानलाई आधुनिक विकासको नाममा हामीले लत्यायौं ।

आज हामी सबैका हात हातमा स्मार्टफोन, भूउपग्रह र अत्याधुनिक प्रविधि उपलब्ध छ । तर पनि विगतका कुनै पनि संयन्त्रले नदी करिडोरमा स्वचालित साइरन, रियल टाइम सेन्सर वा मोबाइल अलर्ट संयन्त्र स्थापना गर्नेतर्फ सिन्कोसम्म भाँचेनन् । यदि समयमै सही सूचना दिनसक्ने संयन्त्र बनेको भए बुलेट ट्रेनकै गतिमा आएको बाढीबाट भौतिक संरचना जोगाउन नसकिए पनि मानवीय क्षतिलाई निकै कम गर्न सकिन्थ्यो । यसपटक बाढी आउँदा केवल 'बाढी आएको छ' भन्नुको साटो 'भयावह प्रलय आउँदै छ, सामानको होइन जसरी पनि आफ्नो जिउ बचाउन सुरक्षित ठाउँमा जानू' भनेरै भए पनि पूर्वसूचना प्रवाह गर्न सकिएको भए सयौं मानिसको ज्यान जोगाउन सकिन्थ्यो । प्रविधिको प्रयोगबाट नागरिक जोगाउन नसक्नु राज्यको प्राविधिक र व्यवस्थापकीय नालायकीबाहेक केही हुन सक्दैन ।

### नागरिक चेतनाको स्तर र उद्धारमा ढिलाइ

विपद्का बखत नागरिक तहमा पनि बाढी आएका बेला टिकटक बनाउने, फोटो खिच्ने वा रमाइलो हेर्न खोला छेउमा जानेजस्ता हलुका र जोखिमपूर्ण व्यवहार देखियो । यस्तो असचेतनाका कारण पनि ठूलो मानवीय क्षति सहनुपरेको अवस्था छ । यसले राज्य संयन्त्रमात्र होइन, नागरिक तहकै चेतना स्तर र विपद् साक्षरता कति कमजोर छ भन्ने उदांगो पारेको छ ।

अर्कोतिर, विपद्को सुरुवाती समयमै आपूसँग सुरुङ, नदीको गहिरो खोच तथा भूमिगत संरचनामा उद्धार गर्ने आधुनिक उपकरण, प्रविधि र तालिमप्राप्त जनशक्ति छैन भन्ने जान्दाजान्दै पनि वैदेशिक सहयोग लिन ढिलाइ गरियो । समय घर्किसकेपछि र ठूलो मानवीय क्षति भइसकेपछि मात्र सरकारले यो कुरा बुझ्यो कि यति ठूलो विपत्तिमा आफूसँग भएको सीमित र परम्परागत संयन्त्रले मात्र पार लाग्दैन । विपद् व्यवस्थापनमा सुरुवाती केही घण्टा अत्यन्तै महत्त्वपूर्ण हुन्छ, तर राज्यको अलमलले गर्दा कयौं मानिसले सुरुङ र भग्नावशेषभित्रै उद्धारको पर्खाइमा छटपटाउँदै ज्यान गुमाउनुपऱ्यो ।

### पीडित परिवारप्रतिको न्यूनतम दायित्व

संकटका बेला 'हामी जनताका साथमा छौं' भनेर दरिलो अभिभावकत्व दिनु राज्यको प्राथमिक दायित्व हो । बाढीबाट सम्पर्कविहीन भएकाहरूलाई जीवित फर्काउन नसके पनि कम्तीमा उनीहरूको शव खोजेर पीडित परिवारलाई बुझाउन अन्तिम समयसम्म राज्यले सम्पूर्ण शक्ति लगाउनुपर्छ । यसो हुन सकेमात्र आफन्तले आफ्नै धार्मिक परम्पराअनुसार अन्तिम संस्कार गरेर चित्त बुझाउन पाउँछन् । मेरो मान्छे जीवितै छ कि ? भन्ने आश र तड्पाइमा परिवारलाई वर्षौंसम्म राखिराख्नु राज्यको चरम निर्दयीपन र गैरजिम्मेवारीपन हो ।

यदि राज्यको सम्पूर्ण सामर्थ्य र आधुनिक प्रविधि अपनाउँदा पनि शव भेटिनै नसक्ने प्राविधिक अवस्था आएमा, पीडितलाई कानुनी र कागजी प्रक्रियामा अल्झाएर फाइल गुपचुप बन्द गर्नु हुँदैन । राज्यले बेलैमा कानुन संशोधन गरी परिवारको सूचना र स्थलगत प्रतिवेदनका आधारमा सहजरूपमा मृत्यु प्रमाणित हुने कागजात उपलब्ध गराइदिनुपर्छ । यसो हुन सकेमामात्र पीडित परिवारले कानुनी हकदाबी, बिमा, राहत र अन्य सामाजिक तथा आर्थिक प्रक्रियाहरू पूरा गरेर आफ्नो जीवनलाई अगाडि बढाउन सक्ने छन् ।

### विपद् व्यवस्थापन र जलवायु अनुकूलनको अपरिहार्यता

नेपालमा पछिल्ला दुई दशकमा आएका महाविपत्तिहरू, जस्तैः २०६५ को कोशी कटान, २०७२ को गोरखा भूकम्प, २०७४ र २०८१ को तराई तथा काठमाडौं उपत्यकाको बाढी, र हालैका हिमपहिरो तथा बेमौसमी वर्षाका घटनाहरूले हाम्रो भौगोलिक संवेदनशीलतालाई प्रस्ट पारेका छन् । अनियन्त्रित र डोजरे विकास, कमजोर भू-बनोट र जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको अभूतपूर्व परिवर्तनले जलजन्य विपद्को जोखिमलाई थप बढाएको छ । यसले बर्सेनि अर्बौंको पूर्वाधार र सयौं धनजनको क्षतिमात्र पुऱ्याएको छैन, अपितु देशको दिगो विकासका प्रयासहरूमा पनि ठूलो धक्का पुऱ्याएको छ ।

नेपालजस्तो भूपरिवेष्ठित र भिरालो भूगोल भएको देशमा जलवायु परिवर्तनको असर अन्य देशको तुलनामा धेरै द्रुत गतिमा परिरहेको छ । तसर्थ परम्परागत उद्धार र राहत बाँड्ने काममामात्र सीमित नभई अब वैज्ञानिक पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती विकास, नदी करिडोरको संरक्षण र जलवायु अनुकूलको रणनीतिलाई एकीकृत गरी विपद् जोखिम न्यूनीकरणमा दीर्घकालीन कदम चाल्नु अपरिहार्य भइसकेको छ ।

### निष्कर्ष

अब विगतमा कसले के गऱ्यो या गरेन भन्ने निरर्थक बहस र राजनीतिक दोषारोपण छाडेर राज्य र सम्बद्ध सबै निकायहरू विगतको उदासीनता त्यागी अति नै गम्भीर बन्नै पर्छ । हाम्रा विकासका मोडेलहरूलाई अनिवार्यरूपमा परिमार्जन गर्दै जलविद्युत्, सडक र अन्य पूर्वाधार निर्माण गर्दा कार्यस्थल सुरक्षा र आपत्कालीन निष्कासन मार्गलाई कानुनीरूपमै अनिवार्य गरिनुपर्छ ।

तिब्बत तथा सीमापार नदी र हिमतालहरूको निरन्तर अनुगमन गरी अन्तरदेशीय स्वचालित पूर्वसूचना प्रणाली लागू गर्ने, सुरुङ र जटिल भूगोलका लागि विशेष तालिमप्राप्त उद्धार टोली तयार गर्ने र विद्यालयस्तरदेखि नै विपद् शिक्षा दिएर नागरिक चेतना बढाउनु अबको प्राथमिकता हुनुपर्छ । साथै, विश्वव्यापी तापमान वृद्धिका कारण नेपालजस्ता कम कार्बन उत्सर्जन गर्ने देशले भोगेको यो अकल्पनीय क्षतिलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रमाणसहित प्रस्तुत गरी 'जलवायु क्षतिपूर्ति कोष' बाट सोधभर्ना दाबी गर्नुपर्छ । प्राकृतिक विपत्ति पूर्णरूपमा टारेर टर्दैन, तर राज्य संयन्त्रले अब पनि संवेदनशीलता र गम्भीरता देखाएन भने आगामी दिनमा यस्ता क्षतिहरू अझ भयानक, अकल्पनीय र अनियन्त्रित बन्दै जाने छन् ।

## पाठक मञ्च

## थारु भाषालाई एआई प्रविधिमा जोड्ने प्रशंसनीय प्रयास

लुम्बिनी प्राविधिक विश्वविद्यालयका स्नातकोत्तर तह (एमटेक) का विद्यार्थीहरूले थारू भाषालाई कृत्रिम बौद्धिकता (एआई) सिकाउने तथा स्थानीय निकायका सेवा डिजिटल बनाउनेसहित विभिन्न १० वटा व्यावहारिक प्रविधिमा आधारित परियोजनाहरू तयार पारेको समाचार आइतबारको प्रभाव दैनिकमा पढ्न पाउँदा अत्यन्तै खुसी र उत्साह पैदा भएको छ । नेपाली विश्वविद्यालयहरू प्रायः सैद्धान्तिक ज्ञान बाँड्नमामात्र सीमित हुन्छन् र विद्यार्थीहरू केवल परीक्षा पास गर्नका लागिमात्र घोकन्ते विद्यामा अल्झिन्छन् भन्ने सर्वसाधारणको गुनासो रहँदै आएको पृष्ठभूमिमा लुम्बिनी प्राविधिक विश्वविद्यालयका विद्यार्थीहरूले देखाएको यो पहल अनुकरणीय र प्रशंसनीय छ । यस समाचारले हाम्रो देशको उच्च शिक्षा प्रणालीमा पनि अब व्यावहारिक र समस्या समाधानमा आधारित शिक्षण पद्धतिको विकास हुँदै छ भन्ने सकारात्मक सन्देश दिएको छ ।

नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा सूचना प्रविधिको विकास र प्रयोग केवल एक वा दुई प्रमुख भाषामामात्र सीमित रहँदा अन्य क्षेत्रीय तथा जनजातीय भाषाहरू ओझेलमा पर्दै गएका छन् । आधुनिक युगमा कुन भाषा डिजिटल दुनियाँमा उपलब्ध छ वा छैन भन्ने कुराले नै त्यो भाषाको अस्तित्व र भविष्य निर्धारण गर्न थालेको छ । यसै सन्दर्भमा एमटेकका विद्यार्थीहरू- लौटन थारु, राजु सुवेदी, रामद्वारिका चौधरी र रविन श्रेष्ठले प्राकृतिक भाषा प्रशोधन प्रणालीमार्फत एआईलाई थारू भाषा सिकाउन सुरु गर्नु ऐतिहासिक कदम हो । थारू भाषामा डिजिटल स्रोत, भाषिक तथ्यांक र पर्याप्त सामग्रीहरूको अभाव हुनुका बाबजुद लोरा प्रविधि प्रयोग गरी 'क्वेन मोडल' लाई अनुकूलन गर्ने प्रयास गर्नु प्राविधिकरूपमा अत्यन्तै चुनौतीपूर्ण तर दूरदर्शी कार्य हो । राना थारू र डगौरा थारूजस्ता क्षेत्रीय तथा भाषिक विविधतालाई समेटेर प्रणालीको विकास गर्नुले यस परियोजनाको व्यापकता र संवेदनशीलतालाई स्पष्ट पार्छ । यदि यो परियोजना पूर्णरूपमा सफल भयो भने यसले थारू समुदायका मानिसहरूलाई आफ्नै भाषामा डिजिटल प्रविधिको पहुँच पुऱ्याउन र भाषा संरक्षणमा क्रान्तिकारी योगदान पुऱ्याउने छ ।

विद्यार्थीहरूले केवल भाषिक एआईमामात्रै ध्यान नदिई स्थानीय सरकार र आमनागरिकका दैनिक समस्या हल गर्ने खालका अन्य व्यावहारिक परियोजनाहरूसमेत निर्माण गरेका समाचारमा उल्लेख छ । विश्वविद्यालयका निमित्त प्रमुख एवं डीन डा. निरज केसी र कार्यक्रम संयोजक सहायक प्राध्यापक प्रकाश गुप्ताले औंल्याउनुभएझैं, कक्षाकोठामा सिकेको सैद्धान्तिक ज्ञानलाई समाज र वास्तविक दुनियाँका समस्या समाधानमा प्रयोग गर्नु नै प्राविधिक शिक्षाको वास्तविक सफलता हो ।

तर, यहाँ सोचनीय पक्ष के छ भने हाम्रा देशका प्रतिभाशाली विद्यार्थीहरूले अनेकौं लगानी र मिहेनतका साथ यस्ता उत्कृष्ट परियोजनाहरू त निर्माण गर्छन्, तर प्रायः ती परियोजनाहरू विश्वविद्यालयका प्रयोगशाला वा प्रदर्शनीमै सीमित भएर हराउँछन् । कार्यक्रम संयोजक गुप्ताका अनुसार यी परियोजनाहरू अझै कार्यान्वयन हुन बाँकी छन् । विद्यार्थीहरूले त आफ्नो क्षमता प्रदर्शन गर्दै सम्बन्धित सरकारी, गैरसरकारी तथा निजी संस्थाहरूलाई परियोजना हस्तान्तरण गरिसकेका छन्, अब पालो सम्बन्धित निकायहरूको हो । स्थानीय तह, सरकारी मन्त्रालयहरू र निजी क्षेत्रले यी युवा अनुसन्धानकर्ताहरूको प्रयासलाई केवल एउटा समाचारको विषय वा विश्वविद्यालयको प्रदर्शनी सामग्रीका रूपमा मात्र लिनु हुँदैन ।

नेपाल सरकार, स्थानीय तहका वडा कार्यालयहरू तथा सम्बन्धित निकायहरूले यी परियोजनाहरूलाई व्यावहारिकरूपमा अँगाल्न, सञ्चालनमा ल्याउन र थप अनुसन्धानका लागि आवश्यक बजेट तथा स्रोत-साधनको व्यवस्था गर्नुपर्छ । एआईलाई थारू भाषा वा अन्य स्थानीय भाषाहरू सिकाउने कार्यलाई निरन्तरता दिन पर्याप्त डेटा र प्राविधिक सहयोग उपलब्ध गराइनुपर्छ । जबसम्म राज्य र निजी क्षेत्रले विद्यार्थीहरूले बनाएका यस्ता नवप्रवर्तन लाई खरिद गर्दैनन् वा प्रयोगमा ल्याउँदैनन्, तबसम्म देशमा प्रविधिको वास्तविक विकास हुन सक्दैन र हाम्रा दक्ष जनशक्ति विदेश पलायन हुन बाध्य भइरहने छन् ।

अन्त्यमा, सीमित स्रोत र साधनका बाबजुद पनि समाजोपयोगी र दूरगामी महत्त्वका परियोजना निर्माण गर्ने लुम्बिनी प्राविधिक विश्वविद्यालयका विद्यार्थीहरू, मार्गदर्शन गर्ने प्राध्यापकहरू र विश्वविद्यालय प्रशासनलाई हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु । साथै, सरोकारवाला निकायहरूलाई यी परियोजनाहरूको शीघ्र कार्यान्वयनका लागि आवश्यक कदम चाल्न जोडदार माग गर्दछु ।

- **रामकुमार राई**
भोजपुर (हाल धुम्बाराही, काठमाडौं)



**सोह्र श्राद्ध** | राजधानीको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया पितृतीर्थ धाममा आश्विन कृष्ण प्रतिपदाका दिन सोह्र श्राद्ध गर्दै । *तस्बिरः पूर्णप्रसाद मिश्र/रासस*

# कोरला सडक पूर्णरूपमा अवरुद्ध



**मुस्ताङ–** शनिबार रातिदेखि परेको अविरल वर्षा तथा हिमपातका कारण (जोमसोम-कोरला) सडकखण्ड पूर्णरूपमा अवरुद्ध बनेको छ । म्याग्दी र मुस्ताङको सीमाक्षेत्र काभ्रेभीरबाट कोरला नाकासम्मको सडकमा ठाउँठाउँ पहिरो जानुका साथै उपल्लो मुस्ताङको कोरला पास क्षेत्रमा भारी हिमपात हुँदा आवागमन रोकिएको हो ।

वर्षाका कारण राष्ट्रिय गौरवको कोरला सडक पूर्णरूपमा अवरुद्ध हुँदा वैकल्पिक कोरला नाका ठप्प हुँदा सयौं कन्टेनर भन्सार यार्डमै रोकिएका छन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार शनिबार रातिको भारी वर्षा र हिमपातले मुस्ताङको काभ्रेभीरबाट कोरला नाकासम्मको सडक पूर्णरूपमा अवरुद्ध भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार म्याग्दी-मुस्ताङ सिमाना काभ्रेभीर खण्डमा पहिरोसँगै ठूलाठूला ढुंगा खसेर सडक अवरुद्ध बनेको छ । भारी वर्षाका कारण मुस्ताङको थासाङ गाउँपालिका-४ घाँसा क्षेत्रका कतिपय ठाउँमा पहिरो खसेर सडक अवरुद्ध भएको उनले जानकारी दिए । उनले तल्लो घाँसा, घाँसा चेकपोस्ट नजिकलगायत स्थानमा सडक माथिबाट पहिरो खसेर सडक पूर्णरूपमा अवरुद्ध भएको जानकारी दिए ।

यसैगरी घरपझोङ गाउँपालिका-२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रको स्याउ फार्म नजिकैको फाराम खोलामा बाढी आउँदा सडक अवरुद्ध भएको घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिए । बाढीका कारण सडक अवरुद्ध भए पनि भौतिक क्षति नभएको उनले बताए । त्यहाँ गाउँपालिकाको डोजर लगेर सडक खुलाउने प्रयास गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार कोरला नाका जोड्ने जोमसोम-पान्डा खोला सडकमा शनिबार रातिको वर्षाले सडक माथिबाट पहिरो खसेर सडक पूर्णरूपमा अवरुद्ध भएको छ । यहाँका प्रहरी निरीक्षक बस्यालका अनुसार कागबेनीबाट वारागुङ-३ चैलेसम्मको सडक पनि अवरुद्ध भएको छ । कोरलानाका जोड्ने मुस्ताङ गेट नजिकैको घ्याकर खोलामा लेदो र गेग्रानसहितको बाढीले सडक ट्र्याक पूर्णरूपमा क्षति भएको प्रहरी निरीक्षक बस्यालको भनाइ छ । कागबेनीदेखि चैलेसम्म आधा दर्जन स्थानमा पहिरो खसेर सडक संरचनामा क्षति पुगेको उनले उल्लेख गरे ।

यसैगरी मुस्ताङमा शनिबार राति भारी वर्षा भइरहँदा लोमान्थाङ र कोरलानाका क्षेत्रमा भारी हिमपात भएको छ। लोमान्थाङ-४ न्हेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी)का इन्चार्ज एवं सशस्त्र प्रहरी निरीक्षक प्रकाश धितालका अनुसार कोरला नाका र भन्सार क्षेत्रमा शनिबार राति भारी हिमपात भएको छ ।

हिमपातका कारण कोरलानाकाको दशजगजा क्षेत्रमा पाल टाँगेर बस्ने स्थानीय व्यापारी समस्यामा परेका छन्। भारी हिमपातले स्थानीय व्यापारीले टाँगेका आधा दर्जन बढी पाल भत्किएका छन् भने कोरलाबाट लोमान्थाङ आवतजावत गर्ने राष्ट्रिय राजमार्ग सडक हिउँले पूर्णरूपमा अवरुद्ध बनेको बिओपी इन्चार्ज धितालले उल्लेख गरे । *रासस*

# वैकल्पिक सडक निर्माणमा जुट्दै सूर्यगढी गाउँपालिका

**रसुवा–** भोटेकोशी तथा त्रिशूली नदीमा गएको बाढीले रसुवागढीसम्म जोडिएको अन्तरर्राष्ट्रिय सडकको अधिकांश भाग बगेसँगै अहिले वैकल्पिक सडक निर्माण तथा स्तरोन्नतिको काम अघि बढेको छ ।

नुवाकोटको सूर्यगढी गाउँपालिकाले नदी तटसँगै रहेको सडकमा ठूला क्षति पुगेपछि वैकल्पिक सडक निर्माणको काम अघि बढाएको हो । सो गाउँपालिकाका प्रमुख शान्तबहादुर लामाले नुवाकोटको चोगदेदेखि गैरीखर्क, कुवापानी, मस्याङभञ्ज्याङ हुँदै ओख्ले बगरस्थित फलाखुखोलासम्म पुग्ने सडक सुधार तथा फराकिलो बनाउने काम सुरु गरिएको जानकारी दिए ।

अध्यक्ष लामाले भने, 'वैकल्पिक मार्ग बनाउनेगरी पुरानो ट्र्याकलाई आवश्यकताअनुसार स्तरोन्नति र फराकिलो बनाउने काम भइरहेको छ । करिब एक महिनाभित्र सडक सुधारको प्रारम्भिक काम पूरा गर्ने लक्ष्य लिएका छौं ।'

सडक सुधारको काम पूरा भएपछि पूर्वाधार विकास कार्यालयमार्फत फलाखुखोलाको ओख्ले बगरमा 'बेलिब्रिज' निर्माण गर्ने तयारी रहेको गाउँपालिकाले जनाएको छ । 'बेलिब्रिज' निर्माण भएसँगै नुवाकोटबाट रसुवा प्रवेश गर्ने वैकल्पिक सडकको व्यवस्था हुने छ । स्थानीयका अनुसार ओख्ले बगरमा 'बेलिब्रिज' निर्माण भएपछि रसुवाको पाहाखोला दोभान तथा क्रसर क्षेत्रबाट धुसेनी, सिम्लेभोर्ले, अधिकारी तथा देवकोटा टोलबाट धारापानी, जीवजीवे हुँदै घुम्तीमोडस्थित पासाङल्हामु मार्गसम्मको यात्रा सहज हुने छ ।

रसुवा-धुसेनीका स्थानीय धर्मदत्त अधिकारीले प्रस्तावित सडक सञ्चालनमा आएमा जिल्लाको दक्षिणी तथा उत्तरी भेगबीचको आवतजावतमा सहज हुने बताए । उनका अनुसार वैकल्पिक मार्ग प्रयोग गर्दा धुञ्चेबाट काठमाडौंसम्म करिब साढे चार घण्टामा काठमाडौं पुग्न सकिने छ ।

बाढीबाट प्रभावित नुवाकोटको त्रिशूली-ढुंगे बजारदेखि रसुवागढीसम्मको सडकलाई साविककै नदी किनारको भन्दा जोखिम कम हुने स्थानतर्फ केही माथि सारेर निर्माण गर्नुपर्ने सुझाव स्थानीयवासीको छ ।

नागरिक समाजले ढुंगेबाट बाद्रे, सिम्बुटार, गेर्खुखोला, फूलबारी, गेर्खुटार, गैरीखर्क, सियाले, रिठ्ठेघारी, फलाखुखोला, पालेको वन, बनुवा, भलायोडाँडा, राम्चेको पलेप, पुरानो ठाडेगाउँ, भिमली, धुञ्चे, ठूलोभार्खु, सानुभार्खु, ब्राबल, ठूलोस्याफ्रुको पुछार, भञ्ज्याङ, बृद्धिम र खैदी हुँदै रसुवागढीसम्म जोडिने वैकल्पिक अन्तरराष्ट्रिय मार्गको प्रस्ताव अघि सारेको छ ।

नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले नदी तथा खोलाको तटीय क्षेत्रभन्दा सुरक्षित भू-भागबाट सडक निर्माण गर्नसके भविष्यमा बाढीपहिरोबाट हुने क्षति कम गर्न सकिने बताए । 'अन्तर्राष्ट्रिय व्यापारिक मार्गलाई पटक-पटक प्राकृतिक विपत्तिको जोखिममा राख्नु हुँदैन,' उनले भने, 'सुरक्षित भू-भागबाट दीर्घकालीन सडक निर्माण गर्न सके चीनसँगको व्यापारिक नाका जोड्ने मार्ग दिगो र भरपर्दो बनाउन सकिन्छ ।'

आधुनिक सडक सञ्जालको विकाससँगै नेपाल-चीनबीचको एक महत्त्वपूर्ण व्यापारिक नाकाका रूपमा रसुवागढी नाका स्थापित भएको छ। स्थानीय आवागमनका साथै द्विदेशीय नाकाका रूपमा परिचित रसुवागढी जोड्ने सडकलाई सुविधासम्पन्न र भरपर्दो बनाउनुपर्ने नागरिक समाजको माग छ।

अब रणनीतिक एवं व्यापरिक पहत्वको सो सडक पुनर्निर्माणका क्रममा अब भूगर्भीय अध्ययन, बाढीको जोखिम, पहिरोको सम्भावना र वातावरणीय प्रभावलाई ध्यान दिनुपर्ने अध्यक्ष तामाङले बताए । *रासस*

# सेनाको निष्कर्षः सुरुङभित्रको उद्धार विपद् प्रतिकार्यको जटिल र साहसिक अध्याय

**काठमाडौं–** नेपाली सेनाले रसुवाको भोटेकोशी बाढी व्यवस्थापनमा संगठनको भूमिका अतुलनीय, ऐतिहासिक र अनुकरणीय रहेको निष्कर्ष निकालेको छ ।

प्रतिकूल र तीव्रगतिमा बदलिने मौसम, पहाडी तथा साँघुरो उडान क्षेत्र, सीमित हेलिप्याड, अवरुद्ध सञ्चार, नदीको अनिश्चित बहाव, निरन्तरको पहिरो तथा सुरुङभित्र थुप्रिएको लेदो र ठूला चट्टानजस्ता अत्यधिक उच्च जोखिमकाबीच सम्पूर्ण उद्धार अभियान सम्पादन गरिएको सेनाले स्पष्ट पारेको छ ।

भोटेकोशी बाढीले राष्ट्रिय संकट व्यवस्थापनमा विपद् प्रतिकार्यलाई सामान्य प्रशासनिक कामका रूपमा नभई उच्च जोखिम, अनिश्चितता र अन्तरनिकाय समन्वय आवश्यक पर्ने संयुक्त कार्यका रूपमा लिनुपर्ने स्पष्ट सन्देश दिएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले जानकारी दिए । 'संकटको जुनसुकै कठिन घडीमा पनि अग्रपंक्तिमा खटिएर नेपाली सेनाले प्रदर्शन गरेको अदम्य साहस तथा मानवीय समर्पण



राष्ट्रका लागि गौरव, प्रेरणा र भविष्यका विपद् प्रतिकार्यका लागि महत्त्वपूर्ण दृष्टान्तका रूपमा रहने छ ।'

रसुवा बाढीपछिको एक महिनाको अवधिमा गरिएका खोज तथा उद्धार, स्वास्थ्य सेवा प्रदान र प्रभावित क्षेत्रको जनजीवनलाई सामान्य बनाउन पूर्वाधार पुनर्स्थापनाका प्रयासबारे सेनाले उपलब्ध गराएको दस्तावेजमा विपद् प्रतिकार्यको सबैभन्दा जटिल र साहसिक अध्याय जलविद्युत् आयोजनाका पुरिएका सुरुङभित्र गरिएको उद्धार भएको ठम्याइँ छ । *रासस*

# त्रिशूली वारपार गर्न तुइन बन्द हुँदा जनजीवन प्रभावित

**त्रिशूली (नुवाकोट)–** नुवाकोटको त्रिशूली नदीमा सञ्चालनमा ल्याइएका तुइन निरन्तरको वर्षाका कारण बन्द हुँदा जनजीवन प्रभावित भएको छ । वर्षाका कारण नदीमा पानीको बहाव बढ्नुका साथै तुइनका घिर्नी सञ्चालनमा प्राविधिक कठिनाइ देखिएपछि विदुर नगरपालिकाका चार स्थानमा सञ्चालनमा ल्याइएका तुइन बन्द गरिएका हुन् ।

तुइन बन्द भएपछि त्रिशूली नदी वारपार गर्न बेलकोटगढी नगरपालिकामा पर्ने झोलुंगे पुल वा धादिङको गल्छीस्थित पक्की पुल हुँदै आवतजावत गर्नुपर्ने बाध्यता भएको छ । भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीले नदी वारपार गर्ने सम्पूर्ण पुलसहित सडकको पहुँच मार्गसमेत बगाएपछि विदुर नगरपालिकासँगको सहकार्यमा बागमती प्रदेश सरकारले विभिन्न चार स्थानमा तुइन जडान गरी सञ्चालनमा ल्याएको थियो ।

त्रिशूली नदी वारपारका बस्तीलाई आपसमा जोड्न विदुर नगरपालिका-१ इन्द्रायणीचौरमा दुई ठाउँमा तथा वडा नं ४, वडा नं-१२ जोड्ने सिमचौर, वडा नं ५ र ३ जोड्ने देवीघाटमा एक-



फाइल तस्बिर

एक ठाउँमा तुइन जडान गरिएका थिए । निरन्तर वर्षा भइरहेका कारण तुइनका घिर्नी सञ्चालनमा कठिनाइ हुनुका साथै नदी वारपार गर्ने क्रममा बीचमै अड्किन सक्ने जोखिम रहेकाले सञ्चालन रोकिएको पूर्वाधार विकास कार्यालय नुवाकोटका प्रमुख सुजन थापाले जानकारी दिए ।

'प्राविधिक समस्या र नदीको बहावबाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै तुइन सञ्चालन रोकिएको हो,' उनले भने, 'मौसम सफा भएर नदीको बहाव घटेपछि पुनः सञ्चालनमा ल्याइने छ ।'

देवीघाटमा जडान गरिएको तुइनको लठ्ठा बाँधिएको रुखसमेत त्रिशूली नदीको कटानका कारण जोखिममा परेको छ । वडा नं ३ तर्फ लठ्ठा बाँधिएको रुखमा नदीको कटानले क्षति पुऱ्याएकाले मौसम सफा भएपछि प्राविधिक अध्ययन गरेरमात्र उक्त तुइन सञ्चालनमा ल्याउने तयारी गरिएको प्रमुख थापाले जानकारी दिए ।

भोटेकोशी बाढीपछि देवीघाटस्थित तादी खोलामा नेपाली सेनाको सहयोगमा एक्रोब्रिज सञ्चालनमा ल्याएसँगै धादिङतर्फको आवतजावत केही सहज भएको छ । तर, त्रिशूली नदीमा पानीको बहाव उच्च रहेकाले तत्काल पक्की वा अन्य वैकल्पिक पुल निर्माण गर्न नसक्दा नदी वारपारका लागि तुइन नै प्रमुख माध्यम बनेको छ ।

नदी वारपारको एकमात्र साधन तुइन पनि बन्द भएपछि नदीपारिका बस्तीमा बाढीले पुऱ्याएको क्षतिपश्चात् पुरिएका घरको भग्नावशेष हटाइ खोज तथा उद्धार र राहत वितरणमा समस्या भएको छ । आमउपभोक्तालाई दैनिक उपभोग्य सामग्रीको अभाव भएको विदुर नगरपालिका-७ का अध्यक्ष रविन्द्र नेपालले गुनासो गरे ।

नदी पार गर्ने माध्यम नहुँदा सदरमुकाम विदुरबाट त्रिशूली नदी पारितर्फ रहेको त्रिशूली अस्पताल पुग्न नसक्दा यहाँका बिरामी जिल्लाबाहिर जानुपर्ने बाध्यता रहेको छ । नदी वारपारको सहज माध्यम बन्द हुँदा विदुरबाट त्रिशूली पारीतर्फ विदुरको आठवटा वडासहित किस्पाङ र म्यागङ गाउँपालिकासँगको आउजाउ रोकिएको छ । *रासस*

# बाढीपहिरोका कारण गुल्मीका २३१ घर उच्च जोखिममा

**गुल्मी (प्रस)–** अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण गुल्मीका विभिन्न स्थानीय तहका २३१ घर उच्च जोखिममा परेका छन् । जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार जोखिममा परेका केही परिवार आफन्त र छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक भीमकिरण बोगटीका अनुसार कालीगण्डकी गाउँपालिकाका १५, सत्यवती गाउँपालिकाका ३० घर, रुरुक्षेत्र गाउँपालिकाका ४०, मुसिकोट नगरपालिकाका १२ र रेसुंगा नगरपालिकाका २५ घर जोखिममा परेका छन् ।

त्यसैगरी गुल्मीदरबार गाउँपालिकाका पाँच, चन्द्रकोट गाउँपालिकाका ७०, धुर्कोट गाउँपालिकाका १५, इस्माका १२ र छत्रकोट गाउँपालिकाका सात घर पहिरोको जोखिममा परेका उनले जानकारी दिए ।

प्रहरी उपरीक्षक बोगटीले जिल्लामा बाढीपहिरोबाट भएको क्षतिको विवरण आउने क्रम जारी रहेको बताए । जोखिममा रहेका तथा विस्थापित परिवारको विवरण थपिन सक्ने भएकाले घटनाको विवरण संकलन भइरहेको उनले जानकारी दिए । बाढीपहिरोका कारण उच्च जोखिममा परेर विस्थापित परिवारलाई स्थानीय पालिकाहरूको सहयोगमा सुरक्षित स्थानमा सार्ने आवश्यक सहयोग उपलब्ध गराउने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# सुस्ताका सबै नागरिकलाई नारायणीवारि ल्याइयो

**नवलपरासी (बर्दघाट–सुस्ता–पश्चिम)–** अविरल वर्षाका कारण नारायणी नदीको बाढी सुस्तामा पसेपछि स्थानीयलाई नारायणीवारि ल्याइएको छ । पश्चिम-नवलपरासीको सुस्ता गाउँपालिका-५ मा शुक्रबारदेखि बाढी पसेको हो ।

जिल्ला प्रशासन कार्यालय नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालका अनुसार सुस्ताको थारु, वडाका टोललगायत क्षेत्रमा बाढी पसेपछि स्थानीय नागरिकलाई सुस्तामा रहेका आश्रयस्थलमा राखिएको थियो ।

नारायणीमा बाढीको तह बढ्दै गएपछि ८०० भन्दा बढी नागरिकलाई नारायणीवारि सुस्ता बालिनगरमा रहेको बिपी माध्यमिक विद्यालयमा ल्याइएको उनले बताए । उनले भने, 'सुस्तामा २१९ घरधुरीमा एक हजार ४५० भन्दा बढी नागरिक छन् । केही पहिलै आफन्तको घरमा गएर बसेका छन् भने बाँकीलाई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा वारि ल्याउने काम भएको हो ।'

'सुस्तावारि आउनका लागि नारायणी नदीमा झोलुंगे रहेकामा पुलमा जलसतह बढेपछि केही माथि उकालेर विद्यालयमा पुऱ्याउन ढिलाइ भएको हो,' प्रजिअ नेपालले भने । उद्योग वाणिज्य महासंघ नवलपरासी र नवलपरासी रेडक्रसले राहत सामग्री लिएर सो क्षेत्रमा पुगेको उनले बताए । *रासस*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९९३०० | प्रति तोला – ० | प्रति तोला – ४६५५ |



**मुस्ताङमा हिमपात** | उपल्लो मुस्ताङको लोमान्थाङ क्षेत्रमा शनिबार रातिदेखि हिमपातपछि सेताम्मे आसपासको क्षेत्र। हिमपातका कारण स्थानीय जनजीवन प्रभावित भएको छ। *तस्बिर: रासस*

## फ्लाइ दुबईको पोखरा–दुबई उडान उत्साहजनक

**गण्डकी–** गत बुधबारदेखि सुरु भएको फ्लाइ दुबईको दुबई-पोखरा-दुबई नियमित उडान शनिबार चौथो दिनमा पनि उत्साहजनक रह्यो । शनिबार साँझ ६:०५ बजे १५६ यात्रुसहित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको फ्लाइ दुबईको जहाजले पोखराबाट ८३ यात्रु लिएर दुबई फर्केको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिए ।

यसअघि गत बिहीबार दुबईबाट फ्लाइ दुबईमार्फत १२२ यात्रु पोखरा अतवरण गरेका थिए । पोखराबाट १४३ यात्रु उक्त जहाजबाट दुबई गएका थिए । शुक्रबार भने खराब मौसमका कारण पोखरा-दुबई उडान रद्द भएको थियो । बुधबार पहिलो उडानबाट ११३ यात्रु दुबईबाट पोखरा आएका थिए । फर्का उक्त जहाजले पोखराबाट १५२ यात्रु लिएर गएको थियो ।

यस उडानलाई प्रभावकारी र दिगो बनाउन कस्सिएका पोखराका पर्यटन व्यवसायीलगायत सम्बद्ध पक्ष सुरुआतका दिनमा यात्रु संख्या देखेर उत्साहित छन् । पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा-दुबई उडानको सुरुआती संकेत सकारात्मक र उत्साहजनक रहेको बताए ।

'यात्रुको बुकिङ पनि राम्रो छ, टुर्स एण्ड ट्राभल्स व्यवसायीहरू पनि खुसी हुनुहुन्छ,' उनले भने, 'यस उडानबाट आउने यात्रुलाई लक्षित गरी होटल, रेस्टुराँले छुट योजना ल्याएका छन् ।' फ्लाइ दुबईको हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र साँझ ७:१५ बजे दुबई प्रस्थानको तालिका रहेको विमानस्थलका सूचना अधिकारी रावतले जानकारी दिए ।

फ्लाइ दुबईले १६५ यात्रु क्षमताको बोइङ ७३७ म्याक्स आठ जहाजबाट दुबई-पोखरा-दुबई उडान सुरु गरेको हो । पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलबाट नियमित व्यावसायिक उडान सुरु गर्ने फ्लाइ दुबई पहिलो वायुसेवा कम्पनी हो । यसअघि केही वायुसेवा कम्पनीले पोखराबाट अन्तर्राष्ट्रिय चार्टर उडान गरेका थिए ।

यो उडान सुरु भएसँगै दुबईलाई ट्रान्जिट बनाएर विश्वका धेरै मुलुकबाट सजिलै पोखरा आउन सकिने भएको छ । यसबाट पोखराको पर्यटन, व्यवसाय, रोजगारी र समग्र आर्थिक गतिविधिका महत्त्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ । सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको यस विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान हुनसकेको थिएन ।

सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाइ दुबईले उडान सुरु गरेको हो । दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाइ दुबईलाई अनुमति दिएको थियो ।

सरकारले अन्तर्राष्ट्रिय उडानका लागि वायुसेवा कम्पनीलाई आकर्षित गर्न यस विमानस्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिएको छ । २०८५ भदौ मसान्तसम्मका लागि विमानस्थलमा पार्किङ, ल्याण्डिङ र नेभिगेसन शुल्क पूर्णरूपमा छुट दिइएको छ । यस्तै, ग्राउण्ड ह्याण्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय सरकारले गरेको छ । *रासस*

## 'पर्यटन विकासका लागि अन्तरमन्त्रालय समन्वय आवश्यक'



■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले नेपालको पर्यटन विकासलाई प्रभावकारी बनाउन अन्तरमन्त्रालय समन्वय आवश्यक रहेको बताएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयले ४७औं विश्व पर्यटन दिवसका अवसरमा आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले पर्यटन विकासलाई प्रभावकारी बनाउन अन्तरमन्त्रालय समन्वय, सरकारी संस्थाको क्षमता अभिवृद्धि र निजी क्षेत्रसँगको निरन्तर सहकार्य आवश्यक रहेको बताएका हुन् ।

पर्यटनमन्त्री पौडेलले पर्यटन विकासलाई एउटै मन्त्रालयको प्रयासबाट मात्र अघि बढाउन नसकिने भएकाले सरकारका विभिन्न निकायबीच प्रभावकारी समन्वयमा आफूले निरन्तर जोड दिँदै आएको उल्लेख गरे । उनले पर्यटन क्षेत्रसँग सम्बन्धित सरकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने सरकारको योजना रहेको भन्दै बदलिँदो पर्यटन परिवेशअनुसार संस्थागत क्षमता र सेवा प्रवाहलाई सुदृढ बनाउनुपर्नेमा जोड दिए ।

मन्त्री पौडेलले नेपालको मौलिक संस्कृति, परम्परा र समुदायमा आधारित जात्रा तथा पर्वहरू पर्यटनका महत्त्वपूर्ण आधार भएको बताए । पुस्तौंदेखि चलिआएका जीवन्त सामुदायिक जात्रा तथा सांस्कृतिक गतिविधिको संरक्षण र प्रवर्द्धनलाई पर्यटन विकाससँग जोड्नुपर्ने उनको भनाइ छ ।

उनले हिमालयलाई नेपालकोमात्र नभई यस क्षेत्रकै पवित्र प्राकृतिक सम्पदाका रूपमा लिँदै हिमालबाट उत्पन्न नदीले यस क्षेत्रका करोडौं मानिसको जीवनयापनमा योगदान पुऱ्याइरहेको उल्लेख गरे । हिमाली सम्पदाको संरक्षणसँगै त्यसको दिगो पर्यटन उपयोगमा पनि ध्यान दिनुपर्ने उनले उल्लेख गरे । मन्त्री पौडेलले विद्यमान कानुन तथा नियमावलीमा देखिएका कमी-कमजोरी सुधार गर्न निजी क्षेत्रबाट प्राप्त सुझाव र प्रतिक्रिया सरकारका लागि महत्त्वपूर्ण हुने बताए ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष पन्तले भोटेकोशी बाढीबाट पर्यटन क्षेत्रले पाएको गम्भीर पाठलाई डिजिटल प्रविधिको प्रयोगसँग जोड्नुपर्ने बताए । उनले हालैको भोटेकोशी बाढीका कारण लाङटाङ जाने नियमित पहुँचमार्ग तथा आवास सुविधामा क्षति पुग्दा पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको भन्दै सुरक्षित पूर्वाधार, समयमै सूचना, वैकल्पिक पहुँचमार्ग र प्रभावकारी विपद् तयारी अब विकल्प नभई अनिवार्य आवश्यकता बनेको बताए ।

कार्यक्रममा पाटा फाउण्डेसनका अध्यक्ष एण्ड्र्यू जोन्सले भोटेकोशी बाढीपछि नेपालको पर्यटन पुनरुत्थानका लागि पाटा फाउण्डेसनको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । उनले प्रकृतिमा आधारित पर्यटनलाई सहयोग पुऱ्याउन एआई र डिजिटल मिडियाको भूमिका थप महत्त्वपूर्ण बन्दै गएको बताए ।

कार्यक्रममा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालले तीनवटा गाउँलाई 'वर्ष गन्तव्य गाउँ' घोषणा गरेको थियो । घोषित गाउँका प्रतिनिधिलाई मन्त्री पौडेलले प्रमाणपत्र प्रदान गरे । ग्रामीण पर्यटन, स्थानीय संस्कृति र समुदायलाई पर्यटनको मूल प्रवाहसँग जोड्ने उद्देश्यले यस्तो पहल गरिएको बोर्डले जनाएको छ ।

## विश्व पर्यटन दिवसका अवसरमा चित्रकला प्रदर्शनी

काठमाडौं (प्रस)- विश्व पर्यटन दिवस २०२६ का अवसरमा चित्रकला तथा फोटो प्रदर्शनी आयोजना गरिएको छ । बागमती प्रदेश पर्यटन कार्यालयले ४७औं विश्व पर्यटन दिवसका अवसरमा आइतबार काठमाडौंमा एकदिने चित्रकला तथा फोटो प्रदर्शनी आयोजना गरेको हो ।

प्रदर्शनीमा बागमती प्रदेशको पर्यटकीय, प्राकृतिक, सांस्कृतिक तथा कलात्मक पहिचान झल्किने चित्र तथा तस्बिर समावेश गरिएका छन् । कूल १६ कलाकारका २१ वटा विभिन्न विधाका उत्कृष्ट कलाकृति अवलोकनका लागि राखिएको पर्यटन कार्यालय बागमती प्रदेशका प्रमुख पवनकुमार पोखरेलले जानकारी दिए ।

प्रदर्शनीमा विशेषगरी बागमती प्रदेशका प्रमुख पर्यटकीय स्थल, सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्यका साथै नेपालमा प्रचलित विभिन्न परम्परागत तथा आधुनिक कला शैलीलाई प्रस्तुत गरिएको छ । प्रदर्शनीमा कलाकार एससी सुमन, केशवराज खनाल, देवेन्द्र थुम्केली, नरबहादुर विक, प्रदीप अधिकारी, शोभा ढकाल, देवासी काफ्ले, प्रकाश मिजार, सञ्जय प्रधान, सिकन्दर चौधरी, बाबुराम पौडेल र नारायण ढुंगानालगायत स्रस्टाका कलाकृति राखिएका छन् ।

## कोशीमा रोकिएको ठेक्का प्रक्रियाको काम सुरु

**विराटनगर–** कोशी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षका लागि रोकिएका विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको ठेक्का प्रक्रिया सुरु गरेको छ ।

मन्त्रालयले प्रदेश मातहतका १४ वटै पूर्वाधार विकास कार्यालयहरूलाई परिपत्र गर्दै पहिलो चरणमा अधिकांश योजनाहरूको ठेक्का प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिएको हो । हाल रोकिएका कार्यक्रम तथा आयोजनाहरू दुई चरणमा कार्यान्वयन गर्ने भन्दै मन्त्रालयले बजेट पुस्तिकामा समावेश भएका सम्पूर्ण आयोजनाहरू पहिलो चरणमै कार्यान्वयनमा लैजान निर्देशन दिएको छ । यसअघि मन्त्रालयले गत भदौ ११ गते पत्र पठाउँदै अर्को व्यवस्था नभएसम्मका लागि नयाँ ठेक्का प्रक्रिया अघि नबढाउन निर्देशन दिएको थियो ।

नयाँ सरकार गठन, सत्ता साझेदार दलहरूबीच न्यूनतम साझा कार्यक्रम निर्माणको तयारी तथा बजेट पुनरवलोकनको प्रक्रिया चलिरहेका कारण त्यतिबेला आयोजनाहरूको लागत अनुमानमात्र तयार गर्नेगरी ठेक्कासम्बन्धी काम रोकिएको थियो । त्यसबाहेक प्रदेशसभाबाट बजेट पारित हुँदा सरकारको तर्फबाट बजेट पुनरवलोकन गरी सांसदहरूले उठाएका माग सम्बोधन गर्नुपर्ने बाध्यताका कारण ठेक्का रोक्नुपरेको मन्त्रालयले जनाएको छ ।

यसै सन्दर्भमा प्रदेश मुख्यमन्त्री, आर्थिक मामिला तथा योजनामन्त्री र सत्तारुढ दल नेकपाका नेताहरूसमेतका बीचमा राजनीतिक सहमति जुटेपछि बजेट कार्यान्वयन प्रक्रिया अघि बढेको भौतिक पूर्वाधार विकास मन्त्रालयले स्पष्ट गरेको छ । विकास निर्माणका महत्त्वपूर्ण कामहरू लामो समयसम्म रोकेर राख्दा पुँजीगत खर्च प्रभावित हुने, समयमै काम सम्पन्न नहुने र जनअपेक्षामा असर पर्ने निष्कर्षसहित दुई चरणमा योजना कार्यान्वयन गर्ने सहमति भएको हो ।

प्रदेशसभामा बजेट पुनरवलोकन गर्ने भनी गरिएको प्रतिबद्धता र सांसदहरूको सरोकारलाई कानुनी उपायको खोजी गरी राजनीतिक सहमतिका आधारमा सम्बोधन गर्ने सहमति जुटेपछि ठेक्का प्रक्रिया अघि बढाइएको भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्यले जानकारी दिए । मन्त्रालयको पछिल्लो निर्णयसँगै प्रदेशका १४ वटै जिल्लाका पूर्वाधार विकास कार्यालयमार्फत कार्यान्वयन हुने सडक, पक्की पुल, झोलुंगे पुललगायतका योजनाहरूले अब गति लिने छन् ।

विवादित, दोहोरिएका वा थप प्राविधिक पुनरवलोकन आवश्यक देखिएका केही आयोजनाहरूलाई भने दोस्रो चरणमा कार्यान्वयन गर्ने गरी मन्त्रालयले छुट्टै विवरण तयार पारेको जनाएको छ । ती आयोजनाहरूको हकमा असोज तेस्रो साता बस्ने पदेशसभा बैठकपछि प्रक्रिया अगाडि बढ्ने बताइएको ।

भौतिक पूर्वाधार विकासमन्त्री आचार्यले यसअघि नै पुराना तथा निर्माणाधीन बहुवर्षीय आयोजनाहरू नरोकिने र ती नियमितरूपमा अघि बढ्ने बताएका थिए । नयाँ आयोजनाका हकमा सरकारले योजनालाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउने उद्देश्यले पुनरवलोकनको बाटो रोजेको थियो ।

ठेक्का प्रक्रिया अघि बढेसँगै कोशी प्रदेशमा पूर्वाधार विकासतर्फको योजना कार्यान्वयनमा देखिएको समस्या टरेको छ । *रासस*

## पाटा नेपाल च्याप्टरको अध्यक्षमा भट्ट

**काठमाडौं (प्रस)–** प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरको अध्यक्षमा नरेन्द्रदेव भट्ट निर्वाचित भएका छन् ।

पाटा नेपाल च्याप्टरको ५१औं वार्षिकोत्सव तथा निर्वाचनबाट शनिबार हेरिटेज टुर्स एण्ड ट्राभलका प्रबन्ध निर्देशक भट्टको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको हो । कार्यसमितिको महासचिवमा स्क्वायर होटलकी प्रबन्ध निर्देशक रोमी अर्याल, कोषाध्यक्षमा अल्पाइन रेस्क्यु सर्भिसका अध्यक्ष प्रकाशचन्द्र लोहनी निर्वाचित भएका छन् ।

कार्यसमिति सदस्यमा हिमालय एयरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठ, जंगल सफारी लजका कार्यकारी निर्देशक सुमन घिमिरे, बिजी बी क्याफेका कार्यकारी निर्देशक सुनीलबहादुर भट्टराई, पार्क भिलेज होटल एण्ड रिसोर्टकी निर्देशक माया शाक्य, अफ द वाल ट्रेकिङकी प्रबन्ध निर्देशक सरिता लामा, मार्कोपोलो ट्राभल्सका प्रबन्ध निर्देशक सिद्धार्थविक्रम थापा र वनबास चितवनका प्रबन्ध निर्देशक वासुदेव ढुंगाना निर्वाचित भएका छन् ।

यस्तै, पोक्सी सदस्यमा दिनेश महर्जन, जान विश्वकर्मा, सञ्जयभक्त माथेमा, अंकित शर्मा, वसन्त गौतम, प्रकाश लामा र सुमन महर्जन निर्वाचित भएका छन् ।

पाटा नेपालको कार्यसमितिमा सार्वजनिक क्षेत्रबाटसमेत प्रतिनिधित्व रहने व्यवस्था रहेको छ । जसअनुसार प्रथम उपाध्यक्षमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत, द्वितीय उपाध्यक्षमा नेपाल एयरलाइन्सका मार्केटिङ निर्देशक तथा पर्यटन विभागका महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक, नेपाल एयरलाइन्सका कर्पोरेट निर्देशक र नेपाल पर्यटन बोर्डका एक प्रतिनिधि पदेन सदस्य रहने छन् ।

नवनिर्वाचित अध्यक्ष भट्टले नेपालको पर्यटन क्षेत्रको पुनरुत्थान, प्रभावित समुदाय तथा गन्तव्यलाई सहयोग र पर्यटन उद्योगलाई एकताबद्धरूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि
ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ